हार्दिक मंगलमय शुभकामना
मिथिलाका पावनि चौठचन्द्रके पावन अवसर पर सबगोटेमे बहुत बहुत मंगलमय शुभकामना
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टीभी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार जनकपुरधाम

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक ९८ • २०८२ साल भाद्र १० गते मंगलबार (26 August, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## एक सयभन्दा बढी प्रहरी जिम्मेवारीमुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा प्रदेशभरका एक सयभन्दा बढी प्रहरीलाई कारबाही गरेको जनाएको छ । मधेश प्रदेश प्रहरी प्रशासनकै मिलेमतोमा तस्करी धन्दा मौलाउँदै गएको विषय सार्वजनिक हुन थालेपछि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले दोषी रहेको भन्दै त्यस्ता प्रहरीलाई जिम्मेवारीबाट हटाइएको जनाएको छ। मधेश प्रदेशका प्रदेश प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीले जिम्मेवारी खोसिनेमा प्रदेशका आठै जिल्लामा कार्यरत १ सय १३ जना प्रहरी जानकारी दिए । यसमध्ये सादा पोशाकमा काम गर्ने घुमुवा तथा गैरव्यावसायिक गतिविधिमा संलग्न विभिन्न दर्जाका प्रहरी कर्मचारीहरु पनि छन् ।

उनीहरूलाई कार्यरत रहेको ठाउँबाट अन्यत्र सरुवा गरी पठाइएको डीआईजी चतुर्वेदीले बताए। गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरीको पहिचान गर्ने र त्यहाँबाट अन्यत्र पठाउने काम भइरहेको स्पष्ट पारे।

उनले भने, 'हामीले अहिले जिम्मेवारीबाट कम्तीमा एक १३ जनाभन्दा बढीलाई हटाएका छौं, अन्यको पनि पहिचान गर्नेकाम भइरहेको छ, संगठनमाथि आँच पुऱ्याउनेहरूप्रति हामी निर्मम भएर जान्छौं।'

सीमानाकामा तस्करी नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, भन्सार कार्यालयलगायतका कर्मचारी पनि खटिएका हुन्छन् । त्यस्तै सुरक्षा निकायले सीमानाकामा 'घुमुवा' पनि परिचालन गरिएको हुन्छ। घुमुवाहरूको तस्करी गर्नेहरूसँगै हिमचिम हुने र उनीहरूको काम तस्करी नियन्त्रण नभइ लाइन मिलाउने तथा असुली गर्ने रहेको आरोप सुरक्षा निकायमाथि लाग्दै आएको छ।

## उखु किसानको आन्दोलन
# अनुदानको रकम एक हजार रुपैयाँ पुऱ्याउनुपर्ने माग

**टुडे समाचारदाता**

काठमाण्डु । उखु किसानहरु पुनः आन्दोलित भएका छन्। विगतमा सरकारले गरेको सहमति विपरीत अनुदानवापतमा कटौती गरेपछि उखु किसान फेरि काठमाण्डु केन्द्रित आन्दोलनरत्त छन् । उनीहरूले आइतबारदेखि काठमाण्डुको माइतीघरमा उखुका बोट नै बोकेर आन्दोलनमा छन् । सरकारले अनुदानवापतको साढे एक अर्ब रुपैयाँ दिन बाँकी रहेको उखु किसानहरु बताउँछन् । उनीहरुले सरकारसंग एक हजार रुपैयाँ प्रतिक्वीन्टल पुऱ्याउनुपर्ने माग गरेका छन् ।

सरकारले चालु आर्थिक वर्षका लागि अनुदान रकम कटौती गरेर प्रतिक्वीन्टल ३५ रुपैयाँमा झारेको छ । यसअघि प्रतिक्वीन्टल ७० रुपैयाँ दिइने गरेको थियो ।

गत आर्थिक वर्ष २०८१/०८२ का लागि सरकारले चिनी मिलले दिनुपर्ने मूल्य प्रतिक्वीन्टल ५८५ रुपैयाँ तोकेको थियो । त्यसमा सरकारले दिनुपर्ने ७० रुपैयाँ अनुदान गरी किसानले कुल प्रतिक्वीन्टल ६५५ रुपैयाँ पाउनुपर्ने थियो । तर उनीहरूलाई मिलले दिने गरेको रकममात्र पाएका छन् ।

गत मंसिरदेखि अहिलेसम्म सरकारले दिने अनुदानवापतको रकम प्राप्त नभएको नेपाल उखु उत्पादक महासंघका अध्यक्ष श्यामबाबु रायले जानकारी दिए ।

उनीहरू सरकारले एकतर्फी मूल्य निर्धारण गरेर उखु किसानको तर्फबाट प्रतिनिधि नराखेकोमा पनि असन्तुष्ट छन् ।

आफूहरूका मागबारे स्थानीयदेखि प्रदेश सरकारसंग आग्रह गर्दा पनि कसैले वास्ता नगरेपछि काठमाण्डु केन्द्रित आन्दोलनमा उत्रिनु परेको बताउँछन् । आन्दोलनबाट



संघ सरकारलाई दबाब परेपछि वार्ता टोली गठन गर्ने तयारीमा सरकार जुटेको छ। तर आन्दोलनकारीहरु भने आन्दोलन रोक्ने पक्षमा छैनन् ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले मुख्यसचिव एकनारायण अर्यालसँग पनि यस विषयमा कुरा भएको र किसानहरू घेराबन्दीमा उत्रिएको बारे जानकारी गराएको बताएको रायले बताए ।

किसानहरूसँगको भेटमा कृषिमन्त्री अधिकारीले सरकारले उखु किसान आन्दोलनको सवालमा गम्भीर रहेको प्रतिक्रिया दिए ।

भेटघाटका क्रममा कृषिमन्त्री अधिकारीले वार्ता समिति बनाएर छलफल गर्ने प्रस्ताव समेत गरेका थिए। किसानहरूले वार्तामार्फत नै समाधान खोज्न आफूहरू पनि तयार रहेको बताए । सरकारले अनुदान वितरण प्रक्रिया अघि बढाए पनि किसानहरूको मूल माग सम्बोधन नभएकाले उखु किसान र सरकारबीचको विवाद तत्काल समाधान हुने देखिँदैन ।

यता सरकारले ल्याएको नीति कार्यान्वयनमा कृषि मन्त्रालय लागेको जनाइएको छ ।

मन्त्रिपरिषद्बाट नै अनुदान रकम घटाउन निर्देशन आएकाले कार्यान्वयन गर्न आफूहरू लागेको मन्त्रालयका एक अधिकारीले बताए ।

ती अधिकारीले भने, "अनुदान रकम किन घटाइयो भन्ने कुरा सरकारले विश्लेषण गरेको होला । हामीलाई कार्यान्वयनका लागि पठाइएको छ। हामी सोहीअनुसार अगाडि बढेका छौं ।" मधेश प्रदेशका आठ जिल्लाबाट सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको समितिले अनुदान पाउने किसानको विवरण पठाउनमा ढिलाइ गरेकाले अनुदान रकम किसानको खातामा जान ढिला भएको ती अधिकारीले दाबी गरे ।

मन्त्रालयकी प्रवक्ता जानुका पण्डितका अनुसार २२ असारमा बसेको मन्त्रिपरिषद् बैठकले किसानलाई प्रतिक्विन्टल ३५ रुपैयाँ अनुदान दिने निर्णय गरेको थियो । तर, आर्थिक वर्षको अन्त्यमा खाता बन्द (क्लोजिङ) हुने समय भएकाले उक्त निर्णय कार्यान्वयनका लागि अर्थ मन्त्रालयबाट सहमति लिने प्रक्रिया रोकिएको थियो ।

'आर्थिक वर्षको अन्त्य भएकाले प्रक्रिया अघि बढ्न सकेको थिएन,' प्रवक्ता पण्डितले भनिन्, 'हिजो आइतबारदेखि मन्त्रालयले सोही निर्णय कार्यान्वयनका लागि पुनः प्रक्रिया अघि बढाएको छ । मन्त्रालय आफैँले नयाँ निर्णय गर्दैन, मन्त्रिपरिषद्ले जे निर्णय गऱ्यो, त्यही कार्यान्वयन हुने हो ।'

आइतबारदेखि माइतीघरमा प्रदर्शन थालेका उखु किसानले माग पूरा नभएसम्म आन्दोलन जारी रहने अडान लिएका छन् ।

सरकारी हिसाबअनुसार किसानलाई दिनुपर्ने अनुदानबापतको रकम ७५ करोड रुपैयाँ मात्र छ। तर उखु किसानले आफूहरूले पाउनुपर्ने साढे एक अर्ब रुपैयाँ रकम बाँकी रहेको दाबी गरेका छन् ।

सरकारले प्रतिक्वीन्टल ३५ रुपैयाँले हिसाब गरेर ७५ करोड रुपैयाँको विवरण रहेको जनाएको छ। तर, उखु किसानले प्रतिक्वीन्टल ७० रुपैयाँको हिसाब गरेर आफूहरूले पाउनुपर्ने साढे एक अर्ब रहेको दाबी गरे ।

उखु किसानहरु उखुको मूल्य प्रतिक्वीन्टल एक हजार रुपैयाँ पुऱ्याउनुपर्ने माग अगाडि सारेका छन् ।






# धान खेतमा अवैध सुर्ती

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा सशस्त्र प्रहरीले आइतबार राति ठूलो परिमाणमा अवैध सुर्ती बरामद गरिएको छ।

सशस्त्र प्रहरी बल रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक सन्तोष कुमार बस्नेतको कमाण्ड र बीओपी औरैयाबाट सहायक प्रहरी निरीक्षक खेम राज जोशीको कमाण्डमा खटिएको टोलीले ३० बोरा सुर्ती बरामद गरिएको छ।




जिल्लाको इशनाथ नगरपालिका-४ को मठियास्थित राम सिंह चनौको भट्टी पसलमा अवैध रूपमा सुर्ती भण्डारण गरी राखेको भन्ने सूचनाका आधारमा सशस्त्रको टोलीले खानतलासी तथा चेकजाँच गर्दा दसगजादेखि अन्दाजी २०० मिटर पूर्व तर्फ राम सिंह चनौको भट्टी पसलको छेउ चुमन मियाको धान खेतमा अवैध रूपमा भण्डारण गरी लुकाई छिपाई राखेको ३० बोराबाट ७ सय ४५ किलोग्राम सुर्ती बरामद भएको प्रहरी उपरीक्षक सन्तोष कुमार बस्नेतले जनाए।

बरामद सुर्तीको मूल्य ३ लाख ६२ हजार ७५० रहेको तथा सुर्तिजन्य पदार्थहरू बरामद गरी गौर भन्सार कार्यालय रौतहटमा बुझाउने प्रक्रियामा रहेको प्रहरी उपरीक्षक बस्नेतले बताए।

# अग्नीपीडितलाई राहत वितरण

**टुडे समाचारदाता**

लहान । सिरहाको नवराजपुर गाउँपालिका- ५ स्थित झाझपट्टीका आगलागी पीडित परिवारलाई राहत वितरण गरिएको छ।



पीडित बालकृष्ण यादवको परिवारलाई सोमबार स्थानीय जयकृष्ण यादवले खाद्यान्न र लताकपडा वितरण गरेका छन्। भदौं ४ गते राति विद्युत सर्ट भएर आगलागी हुँदा यादवको घर, खाद्यान्न र लताकपडा जलेर नष्ट भएको थियो।

आर्थिक रुपमा विपन्न यादवको सम्पतीको नाममा फुसको छाप्रो मात्र रहेको छ। जसमा पाँचजनाको परिवार ओत लागेर बस्दै आएका थिए। दुई छोरी र एक छोरासहितका यादव दम्पतीलाई आगलागीपछि हातमुख जोड्नै समस्या भएको छ।

# सवारी साधनसहित तस्करीका सामान बरामद



**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरीले वीरगञ्जका विभिन्न स्थानबाट ३० लाख बराबरको सवारी साधनसहितको तस्करीको सामान बरामद गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले शनिबार वीरगञ्ज महानगरपालिका-११ स्थित पावरहाउस चोकबाट भारतबाट अवैध रुपमा भन्सार छली नेपालतर्फ टेम्पो र ई-लोडरमा लोडगरी ल्याउँदै गरेको सात लाख ४४ हजार रुपैयाँ बराबरको चकलेट र सो कार्यमा प्रयोग गरिएको टेम्पो र ईलोडरको १३ लाख रुपैयाँ मूल्यांकन गरी आवश्यक कारबाहीका लागि आइतबार वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ।

सोही गुल्मबाट खटिएको अर्को टोलीले आइतबार ३६ हजार चार सय ४० रुपैयाँबराबरको किराना सामान बरामद गरेको छ। सो कार्यमा प्रयोग गरिएको एक थान मोटरसाइकलको एक लाख रुपैयाँ मूल्यांकन गरी आवश्यक कारबाहीका लागि आइतबार वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ।

आइतबार नै सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म अलौबाट खटिएको टोलीले वीरगञ्ज-१९ विन्दवासिनी चोकबाट अवैध रुपमा भन्सार छली नेपालतर्फ मोटरसाइकलमा लोडगरी ल्याउँदै गरेको तीन लाख ७४ हजार दुई सय पाँच रुपैयाँ बराबरको कपडा, किरानाका सामान बरामद गरेको छ। तस्करीमा प्रयोग गरिएको मोटरसाइकलको एक लाख ५० हजार रुपैयाँ मूल्यांकन गरी आवश्यक कारबाहीका लागि वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं १३ गण हेडक्वार्टर पर्सा मातहत प्रस्तावित सीमा सुरक्षा गुल्म सुवर्णपुर भिखम्पुर बिओपी, अमरपट्टी, पिडारीगुठी कार्यालयहरुबाट दुई लाख ८३ हजार १ सय २० रुपैयाँबराबरको पशुचौपाय तथा विभिन्न सामानहरु आवश्यक कारबाहीका लागि आइतबार वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको तथा लिलामी प्रक्रियामा रहेको सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी डीएसपी सुरज कार्कीले बताए।

# दोस्रोपटक मुलुकको सार्वभौम साख मूल्याङ्कन गरिँदै

काठमाण्डु । नेपालले दोस्रोपटक सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) को गृहकार्य सुरु गरेको छ।

क्रेडिट रेटिङको तयारीका लागि सोमबार अर्थ मन्त्रालयमा बसेको बैठकमा तयारी राम्रोसँग गर्ने र नेपालले हासिल गरेका उपलब्धिहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने निर्णय गरेको छ।



बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालले एक वर्षमा उल्लेखनीय प्रगति गरेको सन्देश जाने गरी तयारी गर्न निर्देशन दिनुभयो।

बैठकमा अर्थतन्त्र, नीति तथा कानुनी क्षेत्र र सुशासनका क्षेत्रमा भएका सुधारका साथै राजनीतिक स्थायित्व, सडक, पर्यटन, जलविद्युत्लगायतमा हासिल भएका उपलब्धिहरूलाई प्राथमिकता दिनेबारे छलफल भएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, सदस्य डा प्रकाशकुमार श्रेष्ठ, नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथ पौडेल, अर्थ सचिव घनश्याम उपाध्याय, राजस्व सचिव दिनेशकुमार घिमिरेलगायत हुनुहुन्थ्यो।

बैठकमा अर्थ मन्त्रालय आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराईले 'क्रेडिट रेटिङ'सम्बन्धी अहिलेसम्म गरिएका तयारी प्रस्तुत गर्नुभएको थियो।

अन्तरराष्ट्रिय एजेन्सी फिचले नेपालको रेटिङ गर्ने गर्छ। सोभरेन क्रेडिट रेटिङका लागि अवस्था बुझ्न फिचको टोली नेपाल आउने कार्यक्रम छ। गत वर्ष फिचले गरेको सोभरेन क्रेडिट रेटिङमा नेपालले 'बिबी माइनस' पाएको थियो।रासस

# राज्य व्यवस्था समितिका सभापतिको निर्वाचन कार्यक्रम प्रकाशित

काठमाण्डु । सङ्घीय संसद् सचिवालयले राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिको निर्वाचन कार्यक्रम प्रकाशन गरेको छ।

सचिवलयले सोमबार सूचना जारी गर्दै यही भदौ १० गते मङ्गलबार अपराह्न १ देखि ४ बजेसम्म समितिको कुनै सदस्यलाई समितिको सभापतिमा निर्वाचित गरियोस् भनी अर्को एक सदस्यको समर्थनसहित सचिवको कार्यकक्षमा प्रस्ताव दर्ता गर्न सकिने जनाएको छ।

सोही दिन अपराह्न ४:१५ बजे निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको सूची प्रकाशन गरिनेछ।

भदौ ११ गते बुधबार अपराह्न ३ बजे समितिको बैठकमा प्रस्तावकले प्रस्ताव प्रस्तुत गर्ने र समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्ने र उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने कार्यक्रम रहेको प्रतिनिधिसभा सचिव हर्कराज राईले जानकारी दिनुभयो।

सङ्घीय निजामती विधेयकमा 'कुलिङ अफ पिरियड' सम्बन्धी व्यवस्थामा समिति निर्णयभन्दा फरक राखिएको पाइएपछि समितिका तत्कालीन सभापति रामहरि खतिवडाले राजीनामा दिनुभएको थियो। खतिवडाको राजीनामापछि समितिको नयाँ सभापति चयन प्रक्रिया अघि बढेको हो।रासस

# सेनाले सम्पन्न गऱ्यो साढे दुई करोडमा २२ शीघ्र प्रभावी आयोजना

काठमाण्डु । नेपाली सेनाले आर्थिक वर्ष २०८१/८२ मा संविधानप्रदत्त जिम्मेवारीका अतिरिक्त कम समयमा न्यूनतम लगानी गरी बढीभन्दा बढी जनसमुदाय प्रत्यक्षरूपमा लाभान्वित गराउने उद्देश्यले विभिन्न २२ वटा शीघ्र प्रभावी आयोजना सम्पन्न गरेको छ।



सांस्कृतिक तथा पुरातात्विक महत्त्वका संरचनाको मर्मत सम्भार गरी इतिहास एवं संस्कृतिको संरक्षण र समुदायको आवश्यकतामा प्रत्यक्ष टेवा पुऱ्याउन रु दुई करोड ५६ लाखको लागतमा ती आयोजना सम्पन्न गरिएको नेपाली सेनाका सहायकरथी एवम् प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो।

गतवर्ष उपत्यका पृतनाअन्तर्गत एक, पूर्वी, मध्यपूर्वी, मध्य, पश्चिम, मध्य पश्चिम, उत्तर पश्चिम र सुदूरपश्चिम पृतनाअन्तर्गत तीन/तीन वटा शीघ्र प्रभावी आयोजना कार्यान्वयनमा ल्याएको थियो।

इतिहाससँगै स्थानीय संस्कृतिको जगेर्ना तथा नेपाल एकीकरणको दौरान प्रयोग भएका रणनीतिक एवं ऐतिहासिक महत्वका विभिन्न मठमन्दिर, कोटगढी र दरबारको मर्मत-सम्भार गरिएको छ।

सेनाले पुरातत्व विभागसँगको समन्वयबाट परम्परागत निर्माण सामग्रीको प्रयोग गरी बाजुरा स्थित ऐतिहासिक, पुरातात्विक एवं धार्मिक महत्वको बडी मालिका मन्दिर पुनर्निर्माण सम्पन्न गरेको छ।

गत वर्ष सेनाले उदयपुरस्थित चौदण्डी गढी, ओखलढुङ्गाको तलुवागढी, चितवनको उपरदाङ्ग गढी, नुवाकोटको बेलकोट गढी, लमजुङको पुरानकोट, सुर्खेतको बयलकाँडा गढी, डडेलधुराको अमरगढी र पाल्पाको माथागढी तथा गुल्मीको मुसिकोट दरबारको स्तरोन्नति तथा मर्मत-सम्भार गरेको प्रवक्ता बस्नेतले जानकारी दिनुभयो।

त्यसैगरी सामाजिक मूल्य र मान्यतालाई अक्षुण्ण राखी एकताभाव जागृत गर्ने सांस्कृतिक तथा पर्यटकीय महत्वकाविभिन्न सम्पदाको जगेर्ना गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

इलामको माई स्थान मन्दिर, रामेछापको तिल्केस्थान गढीमा रहेको देवी मन्दिर, नुवाकोटको बेलकोटगढीस्थित निरञ्जना भगवती मन्दिरको स्तरोन्नति गरिएको छ। चितवनको देवघाटस्थित महेश आश्रममा गौशाला, मुस्ताङस्थित कागबेनीमा श्राद्ध स्थलमा ट्रसघर, पर्वतको कटुवाचौपारीमा पुजारी बस्ने कोठासहितको ट्रसघर निर्माण गरिएको छ।

महिला तथा विकट क्षेत्रका छात्र/छात्राको विद्यालय पहुँचमा सहजता पुऱ्याउने उद्देश्यले छात्रा शौचालय निर्माण गरिएको छ। सेनाले महोत्तरीको सोनम गाउँपालिकास्थित सरस्वती जनता माविमा छात्रालाई लक्षित गरी चार कोठे छात्रा शौचालय तथा दैलेखको दुल्लु नगरपालिका स्थित तीर्थस्थल पञ्चकोशी मावि वेद विद्या आश्रममा अध्ययनरत छात्रका लागि सेड घर निर्माण गरेको छ।

रासस

# जग्गा विकाससँग सम्बन्धित कम्पनीले कर्जा पुनर्तालिकीकरण गर्न पाउने

काठमाण्डु । नेपाल राष्ट्र बैंकले जग्गा विकास र भवन निर्माणसँग सम्बन्धित फर्म वा कम्पनीलाई प्रवाह गरेको कर्जाको पुनर्तालिकीकरण वा पुनः संरचना गर्न पाउने व्यवस्था गरेको छ।



केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशिकाअनुसार आगामी असोज मसान्तभित्र ऋणको पुनः संरचना गरिसक्नुपर्ने छ। त्यस्तो कर्जालाई आगामी चैत्र मसान्तमा जुन वर्गमा वर्गीकरण गरिएको थियो कम्तीमा सोही वर्गमा वर्गीकरण गर्नुपर्नेछ।

एकीकृत निर्देशिका अनुसार, पुनः संरचना गरिएको कर्जा नोक्सानी व्यवस्था 'राइट ब्याक' गर्न नपाइने प्रबन्ध छ। जग्गा विकास तथा भवन निर्माणको अनुमतिका लागि सम्बन्धित निकायमा पेस गरेको प्रमाणसमेत लिनुपर्नेछ।

कृषि कर्जाको भुक्तानीको तालिकाका सम्बन्धमा पनि नयाँ व्यवस्था गरिएको छ। इजाजत प्राप्त संस्थाले कृषि उपज कृषियोग्य जमिन, कृषि व्यवसाय संरचनाको धितो आफैँले मूल्याङ्कन गरी १० लाख रुपैयाँसम्मको खाद्यान्न बाली, पशुपन्छी, माछापालानलगायतका कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्नेछन्।

कर्जा सुरक्षणको रुपमा राखिएको धितो मूल्याङ्कन बैंक तथा वित्तीय संस्थाका कर्मचारी वा अन्य धितो मूल्याङ्कनकर्ताबाट गर्न सकिनेछ भने सो मूल्याङ्कन गरेबापत् ऋणीसँग धितो शुल्क लिन पाइने छैन। किसानले तरकारी खेतीका लागि कर्जा माग गरेमा किसानले उत्पादन गरी बजारमा ल्याउन चार महिनाको समय लाग्ने भएमा कर्जाको किस्ता चार/चार महिनामा हुने गरी कायम गर्नुपर्नेछ।

त्यसैगरी त्यस्तो कर्जाको पर्याप्त मात्रामा ग्रेस अवधि प्रदान गर्नुपर्नेछ। ग्रेस अवधि प्रदान गरेको पहिलो वर्ष असल कर्जाका लागि ०.२५ प्रतिशत र दोस्रो वर्ष ०.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने निर्देशनमा उल्लेख छ। संस्था स्वयम्ले धितो मूल्याङ्कन गरी प्रवाह भएको कर्जालाई प्राथमिकतामा राखी सम्बन्धित संस्थाको आन्तरिक लेखापरीक्षणमार्फत नियमित अनुमगन तथा मुल्याङ्कन गर्नुपर्नेछ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले सिफारिस गरेका जातका कृषि उपज उत्पादनका लागि बढीमा १.५ प्रतिशतसम्म मात्र प्रिमियम थप गरी कर्जाको ब्याजदर तोक्नुपर्नेछ। ग्रेस अवधि प्रदान गरेको पहिलो वर्ष असल कर्जाका लागि कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्था ०.२५ प्रतिशत र दोस्रो वर्ष ०.५ प्रतिशत मात्रै कायम गर्नुपर्नेछ। कर्जामा आवश्यक ग्रेस अवधि प्रदान गर्न वा ब्याज पुँजीकरण गर्न सकिनेछ।

हुलाकी राजमार्ग, मध्य पहाडी लोकमार्ग आसपासका क्षेत्रमा सञ्चालनमा रहेका तीन करोड रुपैयाँसम्मका उत्पादनमूलक उद्योग तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छताका आधारमा होटल, रेष्टुरेन्ट स्तरीकण गर्नेसम्बन्धी निर्देशिका बमोजिम खाद्य स्वच्छता स्तरीकरणसम्बन्धी प्रमाणपत्र लिएका होटल तथा रेष्टुरेन्टलाई आधार दरमा बढीमा दुई प्रतिशतसम्म थप गरी कर्जाको ब्याजदर तोक्नुपर्नेछ।रासस

## ज्योतिष-मार्गदर्शन




प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | पढाइ लेखाइमा मन जानेछ भने नतिजा आफैतिर ल्याउन सकिनेछ। |
| वृष : | व्यवसाय फस्टाएर जानेछ। |
| मिथुन : | अध्ययनमा मन नजानाले नतिजा अरुकै पोल्टोमा पर्नेछ। |
| कर्कट : | मन परेको वस्तु प्रयोग गर्न पाईनाले मन प्रशन्न हुनेछ। आम्दानी बढाउन सकिनेछ। |
| सिंह : | शुभचिन्तक तथा परिचित व्यक्तिबाट सहयोग जुट्नाले काम गर्न सहज हुनेछ। |
| कन्या : | व्यापार व्यवावसायमा नाफा कमाउन निकै नै समय खर्चनु पर्नेछ। |
| तुला : | लगानी गर्नको लागि केही समय कुर्नुनै राम्रो हुनेछ। |
| वृश्चिक : | भौतिक सम्पत्ति तथा उपहार प्राप्ति हुन सक्छ। |
| धनु : | न्यायिक निर्णयहरु तपाईकै पक्षमा हुनेछ। |
| मकर : | महत्वपूर्ण उपलब्धीहरु गुम्न सक्छ ध्यान दिनुहोला। |
| कुम्भ: | प्रेममा आजको दिन नजिक नहुँदा नै राम्रो हुनेछ। |
| मीन : | विवादित विषयहरु हल भएर जानेछन्। उत्कृष्ट नतिजा हासिल गर्न सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



आँपको सिजन समाप्तीको समयमा निकै नै महगोमा आँप बिक्री वितरण हुदै आए पनि चाडपर्वको लक्षित ठेलामा आँप बेच्दै एक व्यवसायी । तस्बिर : टुडे

# मिथिलावासी चार पर्वको तयारी गर्नमा व्यस्त

जलेश्वर । महोत्तरीसहित नेपाल र भारत क्षेत्रमा पर्ने सम्पूर्ण मिथिला क्षेत्रमा एक दिनपछि लगातार चारवटा पर्व मनाइने भएको हुँदा मिथिलावासीलाई अहिले पर्वको तयारी गर्न भ्याइनभ्याइ भएको छ ।

मिथिला क्षेत्रमा मङ्गलबार महिलाहरुले तीज पर्व मनाउने भएका छन् भने सोही दिन यस क्षेत्रमा चौठचन्द्र (चौरचन) पर्व पनि मनाइने छ । त्यसैगरी बुधबार यस क्षेत्रमा गणेश चतुर्थी (गणेश पूजा) र बिहीबार ऋषिपञ्चमी मनाइने भएको जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकले बताउनुभयो ।

मिथिला पञ्चाङ्ग र साइतका अनुसार मिथिलामा यस पटक चाडपर्व चाँडो परेको उल्लेख गर्दै पुजारी पाठकले धेरै पर्व जुध्ने र एकै साथ मनाउनुपर्ने बाध्यता रहेको बताउनुभयो । लगातार चारवटा पर्व मनाउनुपर्ने भएकाले यस क्षेत्रका महिला, पुरुष बर्तालु तथा परिवारजनलाई धेरै कुराको जोरजाम गर्नुपर्ने भएकाले अहिले भ्याइनभ्याइ भएको जलेश्वर-२ का सुदीश साहले बताउनुभयो ।

सङ्घीय राजधानी काठमाडौँसहित सम्पूर्ण देश तथा तराई मधेसलगायत सम्पूर्ण मिथिलाञ्चलमा भदौ १० गतेअर्थात् भोलि अटल सौभाग्यको कामना गर्दै मनाइने तीज पर्वको तयारीमा मिथिलावासी महिलाहरु पनि जुटेका छन् ।

पतिको दीर्घायुको कामना गर्दै प्रत्येक नवविवाहिता तथा विवाहित नारीले प्रत्येक वर्ष मनाउने हरितालिका तीज पर्वका लागि महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलकी नारी (मिथिलानीहरु) अहिले विभिन्न तयारीमा लागेका हुन् ।

मिथिलानीहरु अहिले आ आफ्नो गाउँठाउँको हाट बजारमा रातो, पहेलो तथा रङ्गीचङ्गी नयाँ वस्त्र, चुरा पोते, टीका, बिन्दी, मेहन्दी किनमेल गर्नमा व्यस्त देखिएका छन् भने पर्वकै लागि अनिवार्य अन्य पूजा सामग्री पनि किनमेल गर्दै देखिएका छन् ।

पर्व मनाउन अब एक दिन मात्रै बाँकी रहँदा महोत्तरीको सदरमुकाम जलेश्वर-१ मा अवस्थित हटियामा अहिले महिलाहरुको ठूलो भीड लागेको छ । त्यहाँ महिलाहरु विभिन्न सामग्री किनमेल गरिरहेका र त्यस्तै यहाँको विभिन्न शृङ्गार पसल, कपडा, पसल तथा चुरापोतेका पसलहरुमा पनि महिलाहरुको भीडभाड रहेको हेर्न सकिन्छ ।

पतिको दिर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिका लागि महोत्तरीलगायत तराई, मधेसका



महिलाहरुले मङ्गलबार तीज पर्व मनाउने भएका छन् । यस्तै सोही दिन यस क्षेत्रमा मनाइने चौठचन्द्र पर्व (चन्द्रमाको पूजा) का लागि पनि परिवारका महिला पुरुषहरुले बाँसको चोयाबाट निर्मित डालो, विभिन्न फलफूल, पूजा सामग्री किनमेल गर्दै गरेका देखिएका छन् ।

यस पर्वमा मङ्गलबार राति प्रत्येक मिथिलावासीहरु स्याउ, केरा, अनार, भोगटे, मकै, काँक्रो, दही, मिठाई र पूरी लगायतका पूजा सामग्री लिएर चन्द्रमाको पूजा गर्नेछन् । घरमूली महिला दिनभरि निराहार बसेर राति चन्द्रमा उदाएपछि विभिन्न पूजा सामग्री र प्रसादको अर्घ्य दिँदै चन्द्रपूजा गर्नेछन् ।

त्यसलाई स्थानीय भाषामा चौरचन र चौठचन्द्र पर्व भन्ने गरिएको छ ।

त्यसैगरी प्रत्येक गाउँ सहरमा बुधबार मनाइने गणेश चतुर्थी (गणेश पूजा) को लागि पनि यस क्षेत्रका बासिन्दा पूजा सामग्री, प्रसाद र अन्य वस्तु किनमेल गर्नमा व्यस्त देखिएका छन् । कतै कतै त यस दिनमा ठूलो मूर्ति निर्माण गराइ पूजाअर्चना र मेलाको पनि तयारी भइरहेको देखिएको छ भने जसमध्ये महोत्तरीको सदरमुकाम जलेश्वर-१ मा पनि भव्य गणेश मूर्ति बनाइनुका साथै मेलाको पनि धुमधामका साथ तयारी चलिरहेको वडा नम्बर १ का वडाध्यक्ष अनिल झाले बताउनुभयो ।

त्यसै क्रममा बिहीबार यस क्षेत्रमा मनाइने ऋषिपञ्चमी पर्वका लागि पनि महिला पुरुषहरु तयारी गरिरहेका छन् ।

यस दिनमा यस क्षेत्रका महिला, पुरुषहरु यसै क्षेत्रमा बग्ने रातो, विग्ही, मरहा, कमलालगायतका नदीमा एकाबिहानै स्नान, पूजाअर्चना र ऋषिमुनिको दर्शन गर्ने चलन रहेको जलेश्वर-८ का पण्डितबद्री नारायण झाले बताउनुभयो ।रासस

# वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका लागि सुरक्षा निकायले समन्वय गर्ने

जनकपुरधाम ।वीरगञ्जमा फैलिएको हैजा नियन्त्रणका लागि सुरक्षा निकायले समन्वय तथा सहकार्य गर्ने भएको छ । मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा सोमबार जनकपुरधाममा बसेको प्रदेश सुरक्षा समितिको बैठकले सो निर्णय गरेको हो । साथै थप हैजा फैलिन नदिन र उच्च सतर्कता अपनाउन सबैलाई आग्रहसमेत गरिएको छ ।

महामारी नियन्त्रणका लागि खानेपानी तथा स्वास्थ्य मन्त्रालयसँग सहकार्य गरेर ढल तथा खानेपानीको पाइप मिसिएको ठाउँको खोजी, अनुसन्धान तथा मर्मतका लागि आवश्यक परेको खण्डमा सम्बन्धित निकायसँग सुरक्षा निकायले सहकार्य गर्ने निर्णय गरिएको मन्त्री लेखीले जानकारी दिनुभयो ।

हैजा नियन्त्रणका लागि परिचालन भएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीलाई सुरक्षा निकायका तर्फबाट सबै प्रकारको सहयोग गर्ने निर्णय प्रदेश सुरक्षा समितिबाट भएको बताइएको छ । खानेपानीको पाइपमा ढल मिसिएका कारण हैजा फैलिएको विषयमा बैठकमा सुरक्षा निकायबाट रिपोर्टिङ भएको गृहमन्त्री लेखीले पत्रकारहरूलाई जानकारी दिनुभयो ।

बैठकमा गौर घटनाका विषयमा सर्वोच्च अदालतबाट भएको परमादेश र त्यसपछि सुरु भएका विरोध प्रदर्शनसहितको विषयमा समीक्षा भएको जनाइएको छ। बैठकमा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमल बराल, नेपाल प्रहरीका प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदी, सशस्त्र प्रहरीका नायब महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभाग तथा नेपाली सेनाका मधेस प्रदेश प्रमुखको उपस्थिति थियो।

वीरगञ्ज महानगर आसपासमा देखिएको झाडापखाला र हैजा नियन्त्रणका लागि प्रादेशिक अस्पताल गौरका डा परशुराम यादव र डा विष्णुकुमार साह नेतृत्वको स्वास्थ्यकर्मीको टोली खटाइएको छ। प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हासमीले वीरगञ्जमाझाडापखालारहैजाका बिरामी देखापरेपछि आवश्यक सहयोग चिकित्सकसहितको टोली वीरगञ्ज पठाइएको जानकारी दिनुभयो । वीरगञ्जमा हालसम्म ७९ जना हैजाका बिरामी भेटिएका छन् भने झाडापखालाजन्य





लक्षण देखिएका १०३ जना उपचार गराइरहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ ।

गौर प्रादेशिक अस्पतालको टोली हैजा फैलिएको क्षेत्रमा परिचालित

वीरगञ्ज महानगर आसपासमा देखिएको झाडापखाला र हैजा नियन्त्रणका लागि प्रादेशिक अस्पताल गौर रौतहटबाट दुई जना चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोली यहाँ आइपुगेको छ ।

गत शुक्रबारदेखि वीरगञ्ज महानगर आसपास क्षेत्रमा झाडापखाला र हैजाका बिरामी देखापरेसँगै आज गौर प्रादेशिक अस्पतालका डा परशुराम यादव र डा विष्णुकुमार साह नेतृत्वको स्वास्थ्यकर्मीको टोली वीरगञ्जको नारायणी अस्पतालमा आइपुगेको हो ।

प्रादेशिक अस्पताल गौरका अध्यक्ष मोहम्मद अनवर हासमीले वीरगञ्जमाझाडापखालारहैजाका बिरामी देखापरेपछि आवश्यक सहयोग चिकित्सकसहितको टोली वीरगञ्ज पठाइएको जानकारी दिनुभयो ।

"दुई जना चिकित्सक र तीन जना हेल्थ असिस्टेन्टसहितको टोली पठाएका छौँ", उहाँले भन्नुभयो, "चिकित्सकसहित स्वास्थ्यकर्मीको टोलीले वीरगञ्ज आसपास क्षेत्रमा फैलिएको झाडापखाला र हैजा नियन्त्रणमा सहयोग गर्नुका साथै बिरामीको उपचारका लागि समन्वय गर्नुहुने छ ।" वीरगञ्जमा अहिलेसम्म ७९ जना हैजाका बिरामी भेटिएका छन्भने झाडापखालाजन्य लक्षण देखिएका एक सय तीन जना यहाँका विभिन्न अस्पतालमा उपचारत छन् ।

**हैजासम्बन्धी सचेतना जगाउदै पर्साका सुरक्षा निकाय**

स्थानीय प्रशासन र सुरक्षा निकायले वीरगञ्ज महानगर क्षेत्रमा हैजाको सङ्क्रमण देखिएपछि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समिति पर्सा र यहाँका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले समुदायस्तरमा नै सचेतनामूलक कार्यक्रम गर्दै आइरहेका हुन् । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समितिमार्फत यहाँको हैजा नियन्त्रणका लागि आवश्यक कदम चाल्दै आइरहेको जानकारी दिनुभयो ।

"हैजाको रोकथाम र नियन्त्रणका लागि सबै निकायबीच हातेमालो गरेर अघि बढ्ने निर्णय भएको छ", उहाँले भन्नुभयो, "कार्यालयले दैनिकजसो सरोकारवाला निकायसँग छलफल गरेर आवश्यक समन्वय र सहकार्यको काम भइरहेको छ ।"

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख तथा प्रहरी उपरीक्षक गौतम मिश्रले पनि सामुदायिक प्रहरी साझेदारीमार्फत हैजाको रोकथाम र नियन्त्रणको लागि सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको बताउनुभयो। "प्रहरीले बिरामीको आवश्यक उद्धार र अस्पतालसम्म पुऱ्याइदिने काम गर्दै आइरहेको छ", उहाँले भन्नुभयो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरीमा अहिलेसम्म हैजाको सङ्क्रमित नभेट्टिएको उहाँले दाबी गर्नुभयो । "यहाँका दुई जना प्रहरी बिरामी भएर अस्पतालमा भर्ना भए पनि अहिलेसम्म कलेरा सङ्क्रमित भएको भेट्टिएको छैन", उहाँले भन्नुभयो, "प्रहरीले पनि आवश्यक सतर्कता र सावधानी अपनाउँदै आइरहेको छ ।" उहाँका अनुसार वडा प्रहरी कार्यालय श्रीपुर र जिल्ला प्रहरीमा कार्यरत एक-एक जना झाडाबान्ता भएका दुई जना अस्पतालमा भर्ना भएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेड क्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले पर्सा जिल्लामा रहेका सशस्त्र प्रहरीको २४ वटै युनिटले प्रत्येक दिन तीन वटा सामुदायमा पुगेर हैजा र झाडापखालाको लक्षण र सोको रोकथामको लागि अपनाउनुपर्ने उपायको विषयमा सचेतना कार्यक्रम गर्दै आइरहेको जानकारी दिनुभयो ।

"सशस्त्र प्रहरीले दैनिक पर्सामा ७२ वटा समुदायस्तरमा जनचेतनाको कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ", उहाँले भन्नुभयो, "यसले पक्कै पनि जनस्तरमा जनचेतना फैलाउनको लागि महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ ।" सशस्त्र प्रहरीले जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीलाई पनि दैनिक हैजासम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ ।

गणपति भट्टले पर्सा जिल्लामा रहेका सशस्त्र प्रहरी बलमा अहिलेसम्म हैजाको सङ्क्रमण नदेखिएको दाबी गर्नुभयो । "अहिलेसम्म यहाँका सुरक्षाकर्मीमा हैजाको सङ्क्रमण देखा परेको छैन", उहाँले भन्नुभयो, "हाम्रो गण तथा सो मातहतका युनिटमा पनि पानी पिउँदा उमालेर वा पियुस राखेर पिउने गरिराखेका छौँ । हैजाको सम्भावित जोखिमलाई ध्यान दिँदै गणमा सागपात पनि एक साताको लागि नखाने निर्णय गरिसकेका छौँ ।" गणपति भट्टले सशस्त्र प्रहरीले पर्सा जिल्लामा हुने जुनसुकै प्रतिकूल अवस्थामा पनि सशस्त्र प्रहरी सहयोग र साझेदारी गर्न तम्तयार अवस्थामा रहेको जानकारी दिनुभयो ।

पर्सामा रहेका नेपाली सेनाले पनि हैजाको सङ्क्रमणबाट जोगिनको लागि आवश्यक सतर्कता अपनाउँदै आइरहेको जनाएको छ । श्रीजङ्ग गणका गणपति तथा प्रमुख सेनानी लोकेन्द्र कार्कीले बाहिरबाट आउने खाद्य सामग्रीमा थप सतर्कता र सावधानी अपनाउन थालेको जानकारी दिनुभयो । "यहाँ पानी उमालेर वा पियुस राखेर खाने गरेका छौँ", उहाँले भन्नुभयो, "यहाँ रहेका नेपाली सेनामा कसैमा पनि अहिलेसम्म हैजाको सङ्क्रमण देखा परेको छैन।" यद्यपि वीरगञ्ज महानगर र स्वास्थ्य कार्यालय पर्सालगायतका निकायले पनि समुदायस्तरमा जनचेतना फैलाउँदै आइरहेका छन् ।

**स्वास्थ्यकर्मीलाई अत्यावश्यक बाहेकका विदा स्वीकृत नगर्ने**

जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिको आइतबार बसेको बैठकले महामारीको समयमा स्वास्थ्य जनशक्ति अभाव हुन नदिन स्वास्थ्यकर्मीलाई अत्यावश्यक बाहेकका बिदा स्वीकृत नगर्ने निर्णय गरेको छ ।

निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीको अध्यक्षतामा बसेको बैठकले यहाँ झाडापखाला र हैजाको सङ्क्रमण देखिएपछि आवश्यक पर्ने स्थानीय तहका स्वास्थ्यकर्मीलाई केन्द्रिकृत रूपमा तोकिएको स्वास्थ्य संस्थामा खटाउन सकिने निर्णय गरेको हो ।

सो बैठकमा मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री सत्रुधन प्रसादसिंहको पनि उपस्थिति थियो । निमित्त प्रजिअ कार्कीले झाडा पखाला, कोलेरा (हैजा) रोकथामका लागि सबै निकायसँगको समन्वयमा आवश्यक सामग्री व्यवस्थापन गरी माइकिङ, घरदैलो एवम् सचेतना जागरण तत्कालै सञ्चालन गर्ने निर्णय गरिएको बताउनुभयो ।

सोही बैठकले सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त थप जनशक्ति तथा स्रोत साधनको 'पुल' खडा गरी जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिमार्फत वितरण, व्यवस्थापन एवं अनुगमन गर्ने निर्णय गरेको छ ।

हाल फैलिरहेको महामारीको 'सोर्स अफ इन्फेक्सन आइडेन्टिफिकेसन'का लागि महामारीको अनुसन्धान, सम्बन्धित स्थानीय तहले गर्ने तथा सोको लागि आवश्यक प्राविधिक सहयोग प्रदेश तथा सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने निर्णय भएको जनाइएको छ ।

## लहान मुटु अस्पताल : कम शुल्कमा गुणस्तरीय सेवा

सिरहा । लहान नगरपालिका-४ मा निर्माणाधीन मुटु अस्पतालले सेवा विस्तार गर्दै आधुनिक प्रयोगशाला सञ्चालनमा ल्याएको छ । करिब छ महिनाअघि अस्पतालले बहिरङ्ग (ओपिडी) सेवा प्रारम्भ गरेको थियो ।

अस्पतालका कार्यकारी निर्देशक डा सञ्जयप्रसाद साहका अनुसार मुटु सम्बन्धी सम्पूर्ण परीक्षण प्रयोगशालामा न्यूनतम शुल्कमा सुरुआत गरिएको छ । काठमाडौँको सहिद गङ्गालाल अस्पतालमा रु एक हजार पाँच सय रुपैयाँ पर्ने 'इको' परीक्षण यहाँ केवल हजार रुपैयाँमै गरिनेछ । त्यस्तै अन्य शुल्क पनि न्यूनतम रहेको छ ।

हालसम्म दुई हजार तीन सयभन्दा बढी बिरामीहरूले सेवा लिइसकेका छन्, भने दैनिक १० जनाभन्दा बढी बिरामी आउने गरेको अस्पतालले जनाएको छ । अस्पतालले नाफा नभइ सेवा लक्षित मोडेलमा काम गरिरहेको छ । "नाफारहित अस्पताल बन्ने भएकाले यहाँका नागरिकले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने विश्वास लिएका छौँ," अस्पतालका कार्यकारी निर्देशक डा सञ्जयप्रसाद साहले बताउनुभयो ।

अहिले दुई भवनमा ओपिडी सेवा चलिरहेको छ, जुन लहान नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक ११ बिघा जग्गामा निर्माण गरिएको हो ।

डा साहका अनुसार, सो जग्गामै आगामी दिनमा पूर्ण पाँच सय शय्याको अस्पताल निर्माण हुने योजना छ, जसको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

अस्पताल प्रशासनले आगामी एक वर्षभित्र २५ शय्याको 'आईसियू'(सघन उपचार कक्ष) र 'सिटी स्क्यान' सहितको सेवा सुरु गर्ने तयारी गरिरहेको छ । 'कार्डियो र डाइबेटिक सेन्टर'को रूपमा विस्तार हुँदै गरेको यो अस्पतालले स्थानीयहरूलाई अब धरान, विराटनगर वा काठमाडौँ जानु नपर्ने विश्वास दिलाएको छ ।

यो अस्पताल नेपाल हृदय रोग निवारण सङ्घ अन्तर्गत सञ्चालनमा ल्याइएको हो ।

सङ्घका कार्यकारी अध्यक्ष डा बालकृष्ण ओर्ग्यान लहानमै जन्मिएर हाल जर्मनीमा वरिष्ठ मुटुरोग विशेषज्ञका रूपमा कार्यरत हुनुहुन्छ । उहाँकै पहलमा 'नेपाल मेड ई भि' र 'रोटरी क्लब कटबस' जस्ता दुई जर्मन गैरसरकारी संस्थाबाट करिब रु दुई अर्ब बराबरको आर्थिक सहयोगमा अस्पतालको निर्माण प्रक्रिया अघि बढाइएको हो ।


"यस प्रकारको अस्पतालको अवधारणा डा बालकृष्ण ओर्ग्यानका कारण सम्भव भएको हो," डा सञ्जयप्रसाद साहले भन्नुभयो, "जो यही लहानको भूमिमा जन्मिएर मुटुरोग विशेषज्ञको रूपमा हाल जर्मनीमा कार्यरत रहनुभएको छ ।" अस्पतालका निर्देशक डा साहका अनुसार, आगामी अक्टोबरमा डा ओर्ग्यानसहित जर्मनिमा कार्यरत मुटु विशेषज्ञहरूको टोली नेपाल आउने र अस्पतालको प्रगति निरीक्षण गर्नुका साथै प्राविधिक सल्लाह दिनेछ ।

अस्पतालको प्रशासन तथा वित्त शाखा प्रमुख रिना चौधरीका अनुसार विभिन्न सङ्घ संस्था र दाताहरूसँग समन्वयको प्रक्रिया जारी रहेको छ । जनप्रतिनिधिहरूको ध्यानाकर्षण गराउँदै उहाँले अस्पतालसम्मको सडकपूर्वाधार सुधार आवश्यक रहेको बताउनुभयो । यति न्यूनतम शुल्कमा गुणस्तरीय सेवा दिइदै आएको भए पनि प्रचारप्रसारको अभाव रहेको उल्लेख गर्दै, स्थानीयको साथ, सहयोग र विश्वासले नै अस्पतालको भविष्य उज्ज्वल बनाउने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

लहानको यो मुटु अस्पताल केवल स्वास्थ्य सेवा केन्द्र मात्र नभइ, स्थानीय विकासको एक गौरवपूर्ण आयोजना बन्दै गएको छ । कम शुल्क, गुणस्तरीय सेवा, अन्तरराष्ट्रिय सहयोग र दीर्घकालीन लक्ष्यले यो अस्पताललाई प्रदेश नं २ कै उत्कृष्ट स्वास्थ्य संस्था बनाउने स्पष्ट सङ्केत देखिन्छ ।

लहानको यो मुटु अस्पताल केवल स्वास्थ्य सेवा केन्द्र मात्र नभइ, स्थानीय विकासको एक गौरवपूर्ण आयोजना बन्दै गएको छ । "स्वास्थ्यको पहुँच सबैका लागि सुनिश्चित गर्ने दिशामा यो अस्पताल ऐतिहासिक कदम हो," रोटरी क्लब अफ लहानका अध्यक्ष तथा स्थानीय समाजसेवी अभिषेक रोसनले भन्नुभयो, । रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बढ्दो आपराधिक घटनाले निम्त्याएको चुनौती

केही वर्षदेखि मधेश प्रदेशमा आपराधिक घटनाहरू क्रमशः रुपमा वृद्धि हुँदै गएको छ । चोरी, हत्या, बलात्कारलगायत जस्ता जघन्य अपराधले यहाँको जनजीवनलाई त्रसित बनाएको छ । यसले समाजमा भयको वातावरण सिर्जना गरेको छ भने सुरक्षा व्यवस्थामाथि पनि गम्भीर प्रश्नचिह्न खडा गरेको छ। मधेश प्रदेशमा अपराध बढ्नुका पछाडि विभिन्न कारणहरू छन् । जसमध्ये मुख्य बेरोजगारी एउटा प्रमुख कारण हो । युवाहरू बेरोजगार भएपछि उनीहरू सजिलै गलत बाटोमा लाग्न सक्छन्। अर्को महत्वपूर्ण कारण भारतसंगको खुला सीमानाकाबाट अपराधीहरु सहजै एक देशबाट अर्को देशमा आवतजावत गर्न सक्छन् । यसले अपराध नियन्त्रण गर्न सुरक्षानिकायलाई चुनौती थपेको छ । सामाजिक र आर्थिक असमानता पनि अपराधको अर्को कारण हो । धनी र गरिबबीचको खाडलले कतिपयलाई अपराध गर्न उत्प्रेरित गर्छ। यसका साथै राजनीतिक संरक्षण पनि अपराधीहरूलाई बल पुर्‍याइरहेको छ । कतिपय अपराधीहरू राजनीतिक दलका नेताहरूसँगको पहुँचका कारण कानुनी कारबाहीबाट जोगिन सक्छन् । यसले कानुनी शासनको उपहास गरेको छ र जनताको न्यायप्रतिको विश्वास घटाएको छ। मधेश प्रदेशमा बढ्दो आपराधिक घटनाले सामाजिक सद् भावमा पनि खलल पुर्‍याएको छ। कतिपय घटनाहरूले जातीय र साम्प्रदायिक तनाव बढाएको छ। जसले गर्दा समाजमा झन् अस्थिरता बढेको छ । यसले विकास निर्माणका कामहरूमा पनि नकारात्मक असर पारेको छ। यस चुनौतीको सामना गर्न तत्काल कदम चाल्न आवश्यक छ। सुरक्षा व्यवस्थालाई सुदृढ पार्नु पहिलो प्राथमिकता हुनुपर्छ। प्रहरीको क्षमता अभिवृद्धि गर्ने, प्रविधिमा लगानी गर्ने र सीमामा कडाइ गर्ने जस्ता कदमहरूले अपराध नियन्त्रणमा मद्दत पुर्‍याउन सक्छ । यसका साथै बेरोजगारी घटाउनका लागि रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ। युवाहरूलाई सीपमूलक तालिम दिएर स्वरोजगार बनाउने वा रोजगारीमा जोड्ने कार्यक्रमहरू ल्याउनुपर्छ ।कानुनी शासनलाई बलियो बनाउन राजनीतिक हस्तक्षेपबाट प्रहरीलाई मुक्त राख्नुपर्छ। अपराधीलाई कुनै पनि किसिमको राजनीतिक संरक्षण दिनु हुँदैन । यसका साथै जनतामा कानुनी साक्षरता बढाउनुपर्छ र अपराधबारे सूचना दिन प्रोत्साहित गर्नुपर्छ । मधेश प्रदेशमा शान्ति, सुरक्षा र विकासका लागि आपराधिक घटना नियन्त्रण गर्नु अपरिहार्य छ। यसका लागि सरकार, प्रहरी, नागरिक समाज र आम जनता सबैको सहकार्य आवश्यक छ। सबैले आ-आफ्नो ठाउँबाट सकारात्मक भूमिका निर्वाह गनुपर्ने देखिन्छ । अनि मात्र यस समस्याको समाधान गर्न सकिन्छ । सुरक्षित र समृद्ध मधेश प्रदेशको निर्माणका लागि सबै पक्ष शान्ति सुरक्षाका लागि पहलकदमी लिनु आवश्यक छ।

# लिपुलेक प्रकरणका कूटनीतिक आयामहरु



रोशन जनकपुरी

गत हप्ता भारत र चीन बीच भएको लिपुलेक पास हुँदै दुईतर्फी व्यापार सम्झौतापछि नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा भारतीय अतिक्रमणको प्रसङ्गले राजनीतिक माहौललाई फेरी तरङ्गित पारेको छ ।नेपाल भारतबीच यो विवाद परम्परागत झैँ हो । भारतसँग यस व्यापार सम्झौतापछि नेपालको आलोचनाको एउटा पक्ष चीनपनि हुनपुगेको छ ।नेपालका प्रधानमन्त्री केपी ओलीले आगामी सनिवार चीनभ्रमण र भारत सरकारको औपचारिक निमन्त्रणामा भाद्र ३१ गते भारतको भ्रमण गर्ने कार्यक्रम छ ।छिमेकी दुई देश भ्रमणको क्रममा प्रधानमन्त्री ओलीले यो प्रकरण सम्बन्धित पक्ष सामू उठाउँछन् ? उठाउँदैनन् ? के त्यो सामान्य गुनासो हुनेछ वा औपचारिक विरोधको स्तरमा हुनेछ ? आदि इत्यादि जनचासोका ताता विषयहरु छन् ।

सन् २०१९मा भारतले कश्मीरको राजनीतिक र प्रशासनिक विभाजनलाई व्यवस्थित गर्नेगरी प्रकाशित गरेको नयाँ नक्सामा नेपालको भूमिकालापानी र लिपुलेक क्षेत्रलाई देखाएपछि नेपालले कडा विरोध जनाएको थियो । लगत्तै त्यस क्षेत्रमा भारतले एकतर्फी रुपमा सडक निर्माण गर्न थाल्दा, त्यसको प्रतिरोधस्वरुप नेपाल सरकारले संसदको सर्वसम्मतिले कालापानीदेखि लिम्पियाधुरा समेत समेटिने गरी नेपालको नयाँ नक्सा( चुच्चे नक्सा) प्रकाशित गर्‍यो । त्यतिबेला प्रधानमन्त्री ओलीको सरकार नै थियो । यस अर्थमा उनको दुई छिमेकी देशको भ्रमण कूटनीतिक अर्थमा झन् सम्वेदनशील बनेको छ ।

सन् १८१६मा नेपाल र तत्कालीन ब्रिटिस इन्डिया (भारत) बीच भएको सुगौलीसन्धी अनुसार महाकाली (कालीनदी)को उद्गम् बिन्दु लिम्पियाधुरादेखि पूर्वको भूमि नेपालको हुने तथ्य त्यसपछि प्रकाशित कयौँ नक्साबाट प्रमाणित हुन्छ । तर त्यतिबेला दक्षिण एसियामा नक्सा (एटलस) प्रकाशितगर्ने प्रविधि तत्कालीन ब्रिटिसराज बाहेक अरु कसैसँग थिएन । नेपालसँग त ००७ सालमा राणा शासनबाट मुक्त भएको कयौँ दशकपछि सम्म थिएन । अझ कालापानी र लिपुलेक दुर्गम र हिउँले भरिएको क्षेत्र भएकोले तत्कालीन शासकहरुको निम्ति त्यसलाई त्यति महत्वको ठानिएको थिएन । तर चीनसँग सामरिक विवाद उत्पन्न भएपछि त्यस क्षेत्रको महत्व बुझेर तत्कालीन नेपाल सरकारको अनुमतिमा नेपाल आएको भारतीय सेना, कालापानीबाट पछि हट्न मानेन । विवादको बिउ यो नै थियो ।

कालापानीमा अड्डा जमाएर बसेको भारतीय सेनालाई त्यहाँबाटपनि हटाउन लगाएर राजा महेन्द्रले भारतलाई चिढाएर पञ्चायत व्यवस्थालाई जोखिममा पार्न चाहेनन् ।त्यसैले जब नेपालले आधिकारि करुपमा नेपालको नक्सा प्रकाशित गर्‍यो, लिम्पियाधुरादेखि कालापानीसम्मको क्षेत्रलाई विवादित क्षेत्र मानेर नक्सामा सामेल गरेन । त्यतिबेलाप्रमाण पुर्‍याएर भारतसँगवार्ता गरेर विवाद समाधान गर्ने सोँचपनि रहेको हुनसक्छ। पञ्चायतकालको समाप्तिपछि (०४७ सालपछि) बहुदलीय राजतन्त्रकालमा समेत अधिकांशतः भारतलाई चिढाएर राजनीतिक जोखिम मोल्नबाट बच्ने प्रवृत्ति नै रहेको देखिन्छ ।

वस्तुतः भारतीयसेना नेपाल सरकारका तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको अनुरोधमा नेपालीसेना र नेपालीसेनाका रेडियो अपरेटरलाई प्रशिक्षण दिन र आधुनिक परिस्थितिमा नेपालीसेनाको पुनर्गठनमा सहयोग गर्नका निम्तिसन् १९५२मा एकवर्षको निम्ति नेपाल आएको थियो । तर भर्खर नेपालमा प्रजातान्त्रिक सरकार गठन भएको र तत्कालीन परिस्थितिमा राजनीतिक र प्राविधिक ज्ञानको निम्ति अधिकांशतः दक्षिणी छिमेकी भारतसँग निकट रहने गरेको नेपाली राजनीतिज्ञको प्रवृत्ति तथा राजनीतिक वातावरणको भारतले फाइदा उठायो । एकवर्षको निम्ति आएको भारतीय सेनाको मिसन टोली त्यसपछि अठारवर्षसम्म निरन्तर बसी रह्यो । भारतीय सैन्य सल्लाहकारहरु नेपाली सेनाको आधुनिकिकरणमा मात्र सीमित रहेनन् । यस अवधिमा उनीहरुले तिब्बतसँग जोडिएको नेपाली सीमाक्षेत्रमा अठारवटा चेकपोस्ट खडा गरे ।

सन् १९६२ (वि.स.२०१७साल)मा राजा महेन्द्रले निर्वाचित संसदलाई भङ्ग गरेर निरंकुश पञ्चायती तानासाही राजतन्त्र लागु गरे ।सत्ताबाट बेदखल भएको नेपाली काँग्रेस र कम्युनिस्ट लगायतका अन्य राजनीतिक दलहरु उनका विरुद्ध जनताबीच सक्रिय नै थिए । यस्तोमा उनले भारतीय सत्तालाई चिढाएर थप जोखिम मोल्न चाहेनन् । निश्चित समयमा भारतीयसेना नेपालबाट नफर्केपछि नेपाली राजनीतिमा विशेषगरी राजा महेन्द्रको पञ्चायती शासन विरुद्ध नेका र नेकपा लगायतका पञ्चायतविरोधी राजनीतिक दलहरुले विरोधको थप मौका पाए । यो सम्वेदनशीलता बुझेर सन् १९६९मा तत्कालीन प्रधानमन्त्री किर्तिनिधि विष्टले सम्झाई बुझाई गरेपछि राजा महेन्द्रले भारत सरकारसँग सन् १९५२मा गरेको सहमति रद्द गरेर भारतीयसेनालाई फर्कन आदेश दिए। यस बारे वि.स. २०२६साल असार ११गतेको 'दि राइजिङ्ग नेपाल' र 'गोर्खापत्र'को विवरण हेर्न सकिन्छ । यसपछि भारतीयसेना नेपालबाट फर्कने क्रम शुरु भयो । तर नेपाल सरकारको यस कदमबाट आक्रोशित श्रीमति इन्दिरा गान्धीनेतृत्वको भारत सरकारले पहिलो पटक नेपालको नाकाबन्दी गरेको थियो । भारतीयसेनाले खडागरेको अठारवटा चेकपोस्ट मध्ये एउटा पोस्ट सुदूरपश्चिम क्षेत्रको टिङकर क्षेत्रमा थियो, जो लिपुलेकभन्दा केही किलोमिटर पूर्वमा थियो । त्यहाँबाट फर्किएको भारतीय सैनिकहरु जानी नजानी कालापानी क्षेत्रमा बेसक्याम्प बनाएर बस्यो । त्यो क्षेत्र आवतजावत र सूचनाको दृष्टिले समेत दुर्गम भएकोले यस बारे नेपाल सरकार धेरैपछिसम्म अनजान रह्यो । यसैकारण लामो समयसम्म कालापानी क्याम्प बारे नेपाल सरकारसँग कुनै रेकर्ड नै रहेन ।

यस बारेमा नेपालको प्रसिद्ध सीमा विशेषज्ञ बुद्धिनारायण श्रेष्ठले एउटा ब्लगमा कीर्तिनिधि विष्टको भनाई उल्लेख गरेका छन्, जस्को चर्चा यहाँ सान्दर्भिक हुनेछ ।वि.स. २०५५ असार २० गते काठमाडौमा जनस्तरमा बनेको 'सीमा अतिक्रमण र अत्याचार विरुद्ध बौद्धिक तथा पेशागत ऐक्यबद्धता समिति'को बैठकमा यस बारे कीर्तिनिधि विष्टसँग प्रश्न गरियो । उनलाई'सबै चेकपोस्टहरु हटाइने बेला तपाँई प्रधानमन्त्री हुँदापनि कालापानीको चेकपोस्ट कसरी रहन गयो ?' भनेर सोधियो । उनले जवाफ दिए : 'यसको एउटा कारण कालापानीमा चेकपोस्ट स्थापनाको बेला दुबै देशबिच कुनै पत्राचार नभएको हुनसक्छ। सन् १९६२मा चीनसँग पराजयपछि जब भारतीय सैनिक टिंकरबाट पछि हट्न थाले र उनीहरुले कालापानी इलाकालाई सामरिक दृष्टिले उपयुक्त देखे र त्यहाँ चेकपोस्ट बनाउने निर्णय गरे । यो नेपालको भूमि हो भन्ने उनीहरुले बिर्सेकोपनि हुनसक्छ । सन् १९५२मा जब भारतीय सैनिकमिसन नेपाल आयो, त्यतिबेला दुइदेश बिच पत्राचार भएको थियो, त्यसमा अठारवटा स्थानको नामपनि लेखिएको थियो । यसमा कालापानी थिएन । त्यसैले जब उनीहरुले चेकपोस्टहरु खाली गरे, त्यसमा कालापानीको नाम थिएन ।'

यसपछि भारतीयसेना अनेक निहुँ गरेर कालापानी क्षेत्रमा बलजफ्ती बस्दै आएको छ । विगतमा नेपालले भारतसमक्ष विरोध जनाउँदा भारतीयपक्षले वार्ताबाट समाधान खोजिने भनेर भन्दै आएको थियो । तर सन् २०१४मा प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको बिजेपी सरकार आएपछि उसले नेपालले प्रस्तुतगर्ने प्रमाण र दावीलाई ठाढै अस्वीकार गर्दै आएको छ र यस क्षेत्रलाई झूठो तर्कको आधारमा दावी गरिरहेको छ ।

शुरुमा, यस बारे बेला बेलामा भारतीयसत्ता समक्ष कुरा राख्दै आएको भएपनि नेपालसँग सुगौली सन्धिमा सीमा उल्लेखभए बाहेक अन्य कुनै प्रमाण थिएन । उन्नाइसौँ शताब्दीमा ब्रिटिस भारतले जारी गरेका नक्साहरुउपलब्ध थिएन । तर विगत केही वर्षमा नेपालको दावीलाई पुष्टि गर्ने ब्रिटिस सर्वेयर जनरल अफ इन्डियाले प्रकाशित गरेको सन् १८१६, १८२७, १८५० र १८५६का नक्साहरु ब्रिटेन र अमेरिकाका लाइब्रेरी र म्युजियमबाट खोजिएका छन्, जसमा महाकाली नदी (काली नदी)को उद्गम लिम्पियाधुरा देखाइएको छ र यसभन्दा पूर्वमा पर्ने लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको सीमामा देखाइएको छ ।




यस अतिरिक्त बुद्धिनारायण श्रेष्ठले सन् १९०३मा चीनमा छिङ्ग राजवंशको समयमा ओल्ड एटलस अफ चाइनाले प्रकाशित गरेको नक्साको उल्लेख गरेका छन्, जस्मा लिम्पियाधुरालाई काली नदीको स्रोत देखाइएको छ । यस नक्सामा नदीको उत्तरपूर्वी भागलाई नेपालको रुपमा चित्रित गरिएको छ। तर भारतीय सत्ताधारीहरु यी ऐतिहासिक प्रमाणहरुलाई ठाढो उपेक्षा गर्दै मूढे शैलीमा यस क्षेत्रमा आफ्नो नियन्त्रण दावी गरिरहेका छन् । यस पटक त उनीहरुले यस क्षेत्रबाट सन् १९५४देखि नै चीनसँग व्यापार गर्दै आएको नयाँ झूठपनि थपेका छन् । विगतमा भारतीय नेताहरुले नै यो विवाद वार्ताबाट हल गरिने भन्दै आएका थिए । सन् १९९७मा भारतीय प्रधानमन्त्री आई के गुजरालले भनेका थिए : दुबैपक्षका टेक्निसियनहरु सीमांकनको काममा लागेका छन् र उनीहरुको रिपोर्टमा कालापानी नेपालको हिस्सा हो भन्ने निष्कर्ष निस्कन्छ भने हामीले तुरुन्त खाली गर्नेछौँ । यसरी नै सन् १९९७मा विदेशमन्त्री जसवन्त सिंहले भने : नेपाल इन्डिया ज्वाइन्ट टेक्निकल लेभल बाउन्ड्री कमिटीलाई निर्देश दिइएको छ कि उनीहरुले कालापानी सहित विवादित क्षेत्रका सबै क्षेत्रहरुको बारेमा तथ्य संकलन गरोस र त्यस अनुसार सीमांकनको काम छिटोभन्दा छिटो सकोस । सन् २००० मा प्रम गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा गएको बेला तत्कालीन भारतीय प्रम अटलबिहारी बाजपेयीले स्थलगत अध्ययनको माध्यमबाट कालापानीको सीमा विवाद २००२सम्म हल गरिनेमा सहमति जनाएका थिए । सन् २०१४मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयंले नेपाल भ्रमणको क्रममा कालापानी र सुस्ता सहित सीमासँग सम्बन्धित सबै विवादित विषयहरु छिटोभन्दा छिटो निर्णयमा पुर्‍याउने आश्वासन दिएका थिए । तर सन् २०१४मा मोदी सत्तामा आएपछि नेपालसँगको सांस्कृतिक निकटताका सबै तर्कहरुलाई छेउ पारेर ठूला र शक्तिशाली देशको अहंकारी र दबाबमूलक शैली क्रमशः अपनाउँदै गएको देखिन्छ । 'नेपालले अरुको बहकाउमा परेर कालापानीको विषय उठाएको' भनेर सन् २०१५मा भारतीय सेनापति मनोज मुकुन्द नरवणेको फौजीभाषामा आरोप यस्तै वक्तव्य थियो । दुई देश बीचको कूटनीतिक विवादमा भारतीय सेनापतिको यो बयान कूटनीतिक मर्यादा विपरीत थियो । यो नेपालमाथी एक प्रकारले सैन्य धम्की नै थियो । भारतको यस रवैया र सेनापति नरवणेको बयानलाई नेपालमा काम गरेका दुई पूर्व भारतीय राजदूतहरु राकेश सूद र जयन्त प्रसादले असम्वेदनशील र अनुचित भनेका थिए । अर्कोतर्फ 'मोदिया' र 'गोदी मिडिया'को नामबाट कुख्यात मूख्यधाराका सरकार समर्थक भारतीय मिडियाहरुले आफू ठूलो देश भएको अहंकारी शैलीमा नेपालप्रति व्यापक निन्दा र भ्रमको खेती गरिरहेका छन् । यस प्रकरणमा चीनको प्रवृत्तिपनि उपेक्षा भाव कै छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत लगायतका देशमा ट्यारिफमा अचाक्ली वृद्धि गरेबाट विश्व राजनीतिक सन्तुलन फेरिएको छ। यस नयाँ परिस्थितिमा अमेरिका विरुद्धको व्यापारयुद्धमा चीन र भारतको आपसी साथ दुबैको निम्ति आवश्यक छ। फेरी चीनको निम्ति भारत विशाल बजारपनि हो । यस्तोमा चीन आफ्नो बहुआयामिक स्वार्थको निम्ति नेपालसँगको सम्बन्धलाई सम्भवतः केही समयको निम्ति किनारा लगाउने मनसायमा देखिन्छ । यस्तो किन भनियो भने भारत र चीनका परम्परागत अन्तर्विरोधहरु (राजनीतिक, ऐतिहासिक सीमा विवाद र क्षेत्रीय व्यापारिक र सामरिक प्रतिस्पर्द्धा) छिटो समाधान हुन सम्भावना देखिँदैन । यहाँ उल्लेखनीय छ, सन् २०१५मा भारतसँग लिपुलेक हुँदै व्यापार सम्झौता गर्दापनि चीनले नेपाललाई उपेक्षा गरेको थियो । तर गलवान घाटीमा भारतीय सेनासँगको झडपपछि उसकोप्रवृत्ति बदलिएको थियो । त्यतिबेला चिनिया सरकारी पत्रिका भनिने ग्लोबल टाइम्सका लेखहरुमा लिपुलेक र कालापानीमा भारतीयसेनाको उपस्थितिलाई नेपाली भूमिको अतिक्रमण नै भनिएको थियो ।

यस पटकपनि भारतसँग व्यापारिक सम्झौतापछिका वक्तव्यहरुमा चीनको स्वर सन्तुलित नै देखिन्छ। अनलाइन खबर डट कममा २०८२ भाद्र ८ गते प्रकाशित एकजना चिनियाँ सरकारी बौद्धिक छेङदुस्थित सिचुआन युनिभर्सिटी अन्तर्गतको सेन्टर फर नेपाल स्टडिजका उपनिर्देशक गाओ लियाङको 'लिपुलेक विवाद नेपाल र भारतले समाधान गरुन्, चीनले सम्मान गर्छ' भन्ने शिर्षकमा लामो अन्तर्वाता प्रकाशित छ। यो एउटै ढुङ्गाले दुईवटा चरा मार्ने कूटनीतिक प्रयत्न हो। यसले एकातिर नेपाललाई थाहा नदिई लिपुलेक पासको प्रयोग बारे सम्झौता गरेर भारतसँग निकटताको प्रयत्न हो भने गाओको भनाईले लिपुलेक विवादित क्षेत्र रहेको भनेर आफ्नो पुरानो अडानपनि कायम नै रहेको देखाउन खोजेजस्तो छ । वस्तुतः कूटनीति भनेको यो नै हो, दोहरो अर्थ लाग्ने, आफ्ना स्वार्थ अनुकूल भनाईहरुलाई प्रयोग गर्न सकिने।

निश्चय नै भारतसँगको लिपुलेक विवाद वार्ताबाट नै हल हुने हो । तर यसका निम्ति दृढ कूटनीतिक कौशलको आवश्यकता हुन्छ। प्रम ओली आफ्ना आगामी चीन र भारत भ्रमणमा के नेपालको हित, सम्मान र सार्वभौमिक अस्तित्व देखिनेगरि कूटनीतिक कौशलको प्रदर्शन गर्न सक्छन् ? के विवादको समाधानको निम्ति दुईपक्षीय, त्रिपक्षीय र आवश्यकता पर्‍यो भने यस विषयलाई बहुपक्षीय अन्तर्राष्ट्रिय मञ्चसम्म पुर्‍याउन सकिने गरी कूटनीतिक सन्देश दिनसक्ने दृढता प्रकट गर्न सक्छन् ?कूटनीति बाङ्गोटिङ्गो देखिएपनि सारमा यो आक्रामक नै हुने गर्छ । लिपुलेक प्रकरणमा नेपाली पक्षले खेल्ने भूमिकाले आगामी दिनमा नेपालको राजनीतिक कूटनीतिक आधार र दिशा निर्धारण गर्ने छ । हुन त अहिले नेपालको कूटनीति शून्य प्रायः र तात्कालिक शैलीको मात्र छ ।

# मदिराको विज्ञापन प्रतिबन्ध र मिडियाको संकट



रमेश कुमार बोहोरा

नेपालमा मिडियामा मदिराको विज्ञापन बन्द गर्ने सरकारी निर्णयले लामो समयदेखि बहस निम्त्याउँदै आएको छ । एकातिर यो स्वास्थ्य र सामाजिक दृष्टिले अपरिहार्य निर्णय हो भन्ने पक्षधरहरू छन् भने अर्कातिर यसले मिडियाको आम्दानीका स्रोतलाई थिचेर अभिव्यक्ति स्वतन्त्रता र व्यवसायिक टिकाउपनामा चुनौती खडा गरेको छ भन्ने मिडिया क्षेत्रका प्रतिनिधिहरूको दृष्टिकोण छ । खासगरी विज्ञापनमा निर्भर हुने निजी सञ्चार माध्यमहरूको दृष्टिकोणले यो विषयलाई गम्भीर ढंगले बुझ्नु जरुरी छ। नेपालमा सञ्चार माध्यमहरू प्रायः विज्ञापनबाट चल्ने भएकाले यस्तो निषेधले उनीहरूको अस्तित्व र दिगोपनामा प्रत्यक्ष प्रहार गरेको छ भन्ने तथ्यलाई बेवास्ता गर्न सकिँदैन ।

विज्ञापनको संरचनात्मक स्वरूपमा हेर्ने हो भने सरकारी निकाय, ठूला कम्पनी र बहुराष्ट्रिय उत्पादनकर्ताहरू मुख्य स्रोत हुन्छन् । यिनैमध्ये मदिरा उद्योग एक स्थायी र आकर्षक स्रोत बनेको थियो । यो उद्योगले ब्राण्ड प्रमोशनका नाममा रचनात्मक विज्ञापनमार्फत टेलिभिजन, रेडियो, पत्रपत्रिका, अनलाइन र हालको डिजिटल प्लेटफर्महरूमा ठूलो लगानी गर्ने गरेको थियो। त्यो स्रोत बन्द भएपछि सञ्चार माध्यमको राजस्व संरचना कमजोर बन्यो र ठूलो संख्यामा सञ्चार गृहहरू आर्थिक संकटमा परेका छन् ।

मदिरा विज्ञापन निषेधलाई नीतिगत रूपमा सकारात्मक कदम मान्न सकिन्छ तर यसलाई कार्यान्वयन गर्ने क्रममा सरकारले मिडिया क्षेत्रको आर्थिक आधारलाई कसरी सुरक्षित गर्ने भन्ने प्रश्नलाई बेवास्ता गरेको छ । यो अवस्थाले मिडिया स्वतन्त्रताको आधारभूत सवाललाई प्रभावित गरेको छ । प्रेस स्वतन्त्रताको मूल्य केवल सेन्सरशिपबाट जोगिनु मात्र होइन स्वतन्त्र सञ्चार गृहहरूलाई दिगो बनाउन सक्ने वातावरण उपलब्ध हुनु पनि हो। तर जब उनीहरूको आम्दानी स्रोतहरू एकपछि अर्को गर्दै बन्द गरिन्छन् र विकल्प दिइँदैन तब प्रेस स्वतन्त्रता व्यवहारमा कमजोर हुन थाल्छ।

नेपालमा मदिरा विज्ञापन रोकिएको कारण बुझ्दा स्वास्थ्य र सामाजिक पक्षलाई आधार बनाइएको देखिन्छ। मदिरा सेवनले दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउने र सामाजिक अपराध बढाउने तथ्यलाई आधार बनाइएको छ । यथार्थमा विज्ञापनलाई मात्र नियन्त्रण गरेर यी समस्याहरू समाधान हुँदैनन् भन्ने तथ्य पनि उत्तिकै महत्वपूर्ण छ। गाउँ-गाउँमा शहरका कुनाकाप्चामा खुलेका साना भट्टी, अनुगमनविहीन उत्पादन, कर छल र गैरकानुनी व्यापार नै समस्याको मूल हो भने विज्ञापनलाई मात्र पूर्ण रूपमा रोक्नु सजिलो निर्णय भए पनि समाधानको स्थायी उपाय होइन। यसरी हेर्दा सरकारले सजिलो बाटो रोजेको छ तर गहिरो समस्या समाधानमा पहल नगरेको देखिन्छ। संचार क्षेत्रले भने लामो समयदेखि मदिराको विज्ञापन रोक्दा वैकल्पिक स्रोत खोज्न सकिएन भन्ने गुनासो गर्दै आएका छन् । सरकारी विज्ञापनहरू नै न्यून छन् निजी क्षेत्रका विज्ञापनहरूमा पनि ठूला बहुराष्ट्रिय कम्पनीहरूले मात्र प्रभाव जमाइरहेका छन् । यस्तो अवस्थामा खासगरी प्रिन्ट मिडिया र रेडियो जस्ता माध्यमहरू आर्थिक संकटमा फसेका छन् । डिजिटल प्लेटफर्मले केही राहत पाएको भए पनि परम्परागत मिडियामा यसको प्रभाव गम्भीर बनेको छ । सञ्चार गृहका पत्रकार, प्राविधिक कर्मचारी र सम्पूर्ण संरचनाको रोजगारीसमेत संकटमा परेको तथ्यलाई बेवास्ता गर्न सकिँदैन ।

यस्तो निषेधले अर्को समस्यात्मक अभ्यासलाई जन्म दिएको छ जसलाई "सर्पोट ब्रान्डिङ" भनिन्छ। उत्पादनको वास्तविक स्वरूप मदिरा भए पनि त्यसको नाममा पानी, सोडा वा कार्यक्रम प्रायोजनमार्फत विज्ञापन गर्ने चलन सुरु भएको छ।

यसले बजारमा अझै भ्रम फैलाइरहेको छ र ठूला कम्पनीहरूले आफ्नो प्रभाव बढाइरहेका छन् । तर कानुनले पूर्ण रूपमा निषेध गरेकोले सञ्चार माध्यमले यस्तो प्रविधिलाई पनि प्रयोग गर्न सक्दैनन् । फलस्वरूप सञ्चार गृहहरूको आम्दानी निरन्तर घटिरहेको छ।

यो विवादलाई अन्तर्राष्ट्रिय अभ्याससँग तुलना गर्दा अझै स्पष्ट हुन्छ । धेरै देशहरूले मदिरा विज्ञापनमा प्रतिबन्ध लगाएका छन् तर अधिकांशले मिडियालाई विकल्प उपलब्ध गराएका छन् । कतिपय देशमा सरकारले मिडियालाई अनुदान वा सब्सिडी दिएको छ। कतिपयमा सामाजिक सन्देशमार्फत राजस्व बाँडफाँटको व्यवस्था गरिएको छ। नेपालमा भने यस्तो व्यवस्था नहुँदा मिडिया एक्लै संकट भोगिरहेको छ । जब सरकारले नीतिगत निर्णय गर्छ त्यसको प्रत्यक्ष असर पर्ने क्षेत्रलाई वैकल्पिक उपाय नदिई ठप्प पारिदिन्छ भने त्यो निर्णय असन्तुलित हुन्छ।

मिडिया लोकतन्त्रको आधारभूत स्तम्भ हो भन्ने कुरा सरकारी नीतिले व्यवहारमा देखाउन सक्नुपर्छ । लोकतन्त्रमा मिडियालाई दबाउने होइन स्वतन्त्र र सक्षम बनाउने हो । यदि मिडिया आर्थिक रूपमा असक्षम छ भने स्वतन्त्रतामा नै प्रश्न खडा हुन्छ। विज्ञापन निषेधले सञ्चार गृहलाई आर्थिक संकटमा धकेल्दा उनीहरूले अन्य स्रोत खोज्न विवश हुन्छन् । कतिपय अवस्थामा यसले मिडियालाई "पेड न्यूज" वा स्वार्थी राजनीतिक वा व्यावसायिक दबाबसँग सम्झौता गर्न बाध्य पार्छ। यसले स्वतन्त्र पत्रकारितामाथि गम्भीर खतरा पुर्‍याउँछ।

अर्को महत्वपूर्ण पक्ष भनेको रोजगार हो । नेपालको सञ्चार क्षेत्रमा हजारौं पत्रकार, प्राविधिक, प्रशासकीय कर्मचारी र श्रमिक कार्यरत छन्। उनीहरूको रोजगारीको सुरक्षा विज्ञापन आम्दानीमा निर्भर हुन्छ । जब मदिरा विज्ञापन बन्द हुन्छ त्यसले प्रत्यक्ष रूपमा मिडियाको आम्दानी घटाउँछ र अप्रत्यक्ष रूपमा रोजगार संकट निम्त्याउँछ। पत्रकारिता केवल विचार र सूचना प्रवाहको साधन मात्र होइन ।सामाजिक सुरक्षा र रोजगारीसँग पनि गाँसिएको क्षेत्र हो भन्ने कुरा सम्झन जरुरी हुन्छ।

यस्तो अवस्थामा समाधानको बाटो भनेको सम्पूर्ण विज्ञापन नीति पुनः समीक्षा गर्नु हो ।

सरकारले स्वास्थ्य र सामाजिक सुरक्षालाई मध्यनजर गर्दै मदिरा विज्ञापन रोक्नु स्वाभाविक हो तर मिडियाको हितलाई पनि बेवास्ता गर्नु हुँदैन । यसका लागि दुईवटा वैकल्पिक उपाय अपनाउन सकिन्छ । पहिलो मदिरा उद्योगबाट उठ्ने कर, शुल्क र जरिवानाको निश्चित प्रतिशत मिडिया विकास कोषमा विनियोजन गर्ने व्यवस्था गर्न सकिन्छ। यसरी मिडियाले अप्रत्यक्ष रूपमा भए पनि आफूले गुमाएको आम्दानीको क्षतिपूर्ति पाउन सक्छ । दोस्रो वैकल्पिक विज्ञापनका क्षेत्रहरू प्रोत्साहित गर्न सकिन्छ जसले मिडियामा लगानी बढाउँछ । जस्तै कृषि, पर्यटन, प्रविधि, नवीकरणीय ऊर्जा र सामाजिक सन्देशका क्षेत्रमा प्रोत्साहन दिइन सक्छ।

हाम्रो देश नेपालमा मिडियाको आर्थिक आधार अझै बलियो नभइसकेको अवस्थामा यस्तो प्रतिबन्धले गहिरो चोट पुर्‍याउँछ । खासगरी स्थानीय तहमा प्रकाशन हुने पत्रपत्रिका र रेडियोहरूमा यसको प्रभाव भयावह बनेको छ। ती सञ्चार माध्यमहरू गाउँ र समुदायस्तरमा सूचना र लोकतन्त्रको आधार हुन् । तर जब उनीहरू आर्थिक संकटमा डुब्छन् त्यसको असर सीधा नागरिकलाई पर्छ । ग्रामीण भेगमा सूचनाको पहुँच घट्छ जनताको आवाज ओझेल पर्छ र सूचना असमानता बढ्छ। यो लोकतन्त्रको आधारभूत संरचनामा प्रहार हो ।

यसैबीच मिडिया उद्योगले पनि आत्मसमालोचना गर्नुपर्ने देखिन्छ । केवल मदिरा विज्ञापनमा निर्भर हुने प्रवृत्तिले भविष्यमा थप संकट ल्याउन सक्छ भन्ने कुरा पहिल्यै अनुमान गर्न सकिन्थ्यो। विविध स्रोत सिर्जना गर्ने प्रयास, सब्स्क्रिप्सन मोडेल, अनुसन्धानात्मक सामग्रीमार्फत पाठक र दर्शकसँग प्रत्यक्ष सम्बन्ध बढाउने अभ्यास आवश्यक छ।

तर यी उपायलाई प्रभावकारी बनाउन सरकारले पनि नीतिगत समर्थन दिनुपर्छ।

समग्रमा हेर्दा नेपालमा मिडियामा मदिरा विज्ञापन बन्द हुनु केवल स्वास्थ्य र सामाजिक दृष्टिले मात्र होइन लोकतन्त्र र प्रेस स्वतन्त्रताको दृष्टिले पनि बहस गर्नुपर्ने विषय हो । राज्यले मिडियालाई वैकल्पिक आधार र स्रोत उपलब्ध नगराउँदासम्म यस्तो निर्णयले सकारात्मकभन्दा नकारात्मक असर बढी पार्ने देखिन्छ । पत्रकारिता समाजको ऐना हो भने त्यो ऐना फुट्नुको पीडा समाजले नै भोग्नुपर्छ। त्यसैले समाधान भनेको मिडिया र राज्यबीचको सहकार्य हो। मिडियालाई वैकल्पिक सहारा दिइयोस् स्वास्थ्य र सामाजिक सुरक्षा पनि कायम रहोस् र लोकतन्त्रको चौथो अंग पनि मजबुत रहोस् ।

(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

# झाडापखला र हैजाका बिरामीको निःशुल्क उपचारको प्रबन्ध मिलाउन मन्त्री पौडेलको निर्देशन



वीरगञ्ज । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले वीरगञ्जको नारायणी अस्पतालमा झाडापखाला र हैजाको उपचारका लागि आउने बिरामीलाई निःशुल्क औषधि र उपचारको प्रबन्ध मिलाउन अस्पताल प्रशासनलाई निर्देशन दिनुभएको छ।

वीरगञ्ज आसपासमा झाडापखला र हैजाको सङ्क्रमण देखिएपछि निरीक्षण गर्न आउनुभएका मन्त्री पौडेलले अस्पतालले बिरामीको उचित ढङ्गले उपचार गर्नुपर्ने बताउनुभएको हो । "नारायणी अस्पतालमा झाडापखाला र हैजाको उपचारका लागि आउने कुनै पनि बिरामीले जुनसुकै औषधि निःशुल्क पाउने गरी व्यवस्थापन गर्न आग्रह छ", उहाँले भन्नुभयो,"विश्व स्वास्थ्य सङ्गठनको पोर्टोकलले भ्याउने खालको औषधिले पुग्ने भए ठीकै छ । नत्र भने परिस्थितिवस थप औषधि दिनुपर्ने छ भने पनि ती औषधि निःशुल्क उपलब्ध गराउन र आवश्यक व्यवस्थापन गर्नका लागि अस्पताल प्रशासनलाई निर्देश गर्दछु।''

मन्त्री पौडेलले अस्पतालमा उपचाररत बिरामीसँग त्यहाँको सेवा र गुनासाबारे जानकारी लिनुभएको थियो । ''बिरामीसँग कुरा गर्दा केही औषधि किन्नुपरेको गुनासो सुन्नुपर्‍यो । त्यसैले अबदेखि कुनै औषधि किन्न नपर्ने खालको व्यवस्था मिलाउनुहोला", उहाँले भन्नुभयो, "झाडापखला र हैजाको परीक्षण गर्दा कुनै प्रकारको शुल्क नलिनको मेरो आग्रह छ।"

मन्त्री पौडेलले तीनै तहका सरकारसँग समन्वय गरेर कुनै पनि हालतमा औषधिको कमी हुन नदिने बताउनुभयो। ''कुनै पनि हालतमा औषधिको अभाव हुने छैन । जनशक्तिको अभाव हुने छैन । अहिले नारायणी अस्पतालमा बारा र रौतहटका प्रादेशिक अस्पतालबाट चिकित्सकसहितका स्वास्थ्यकर्मीको टोली आइरहेको छ। त्यसैगरी मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आउने कुरा भइरहेको छ।''

मन्त्री पौडेलले थप जनशक्ति र सहायता चाहिएको खण्डमा सङ्घीय सरकारले तत्कालै चिकित्सकसहितको जनशक्ति उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले वीरगञ्जका निजी अस्पताललाई झाडापखला र हैजाका बिरामीलाई सहज र सुलभ मूल्यमा औषधि उपचारमा सहयोगका लागि आग्रह गर्नुभयो।

मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षत्रीले नारायणी अस्पताललाई प्रदेश सरकारले विभिन्न थरिका औषधि उपलब्ध गराउँदै आइरहेको जानकारी दिनुभयो । उहाँले समस्या परेका बेला मात्र तात्ने नभइ जुनसुकै बेला समस्या आउनसक्छ भन्ने सोचेर दीर्घकालीन योजनासहित काम गर्न अस्पताल प्रशासनलाई आग्रह गर्नुभयो।

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहले वीरगञ्जमा झाडापखला र हैजाको समस्या देखिएकाले समस्या समाधान गर्नका लागि सबैले हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले एकद्वार प्रणालीबाट उपचार र औषधि वितरण गर्नुपर्नेमा जोड दिनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका जनस्वास्थ्य प्रशासक विशाल सुवेदीले निश्चित मापदण्डको 'चेकलिस्ट'सहित हैजाको मुख्य कारण पत्ता लगाउने कार्य भइरहेको बताउनुभयो । पाँच वटा कलष्टरमा आधारित भएर आवश्यक काम भइरहेको उहाँले जानकारी गराउनुभयो।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डडेन्ट (मेसु) चुमनलाल दासले अस्पतालमा हाल ४८ जना झाडापखला र हैजाका बिरामीको उपचार भइरहेको जानकारी दिनुभयो । तीमध्ये दुई जनाको आकस्मिक कक्षमा र अन्यको तीन वटा वार्डमा उपचार भइरहेको उहाँले बताउनुभयो।

मेसु दासका अनुसार हाल यहाँ प्रादेशिक अस्पताल गौर र कलैयाँबाट चिकित्सकसहितको टोली आएर उपचार सेवा दिइरहेका छन्। यस्तै, वीरगञ्ज नर्सिङ कलेजका बिएस्सी नर्सिङ अध्ययनरत विद्यार्थी र वीरगञ्ज महानगरबाट स्वास्थ्यकर्मी तथा सरसफाइकर्मी आएर आवश्यक सहजीकरण गरिरहेका छन्।

स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले झाडापखला र हैजाका गरी दुई सय ५४ जना बिरामीको सङ्ख्या दर्ता भएको बताउनुभयो । "हालसम्म एक सय तीन जना बिरामी वीरगञ्जका विभिन्न अस्पतालमा उपचारत रहेका छन् । २२ जना सघन उपचार कक्ष (आइसियु) र छ जना बिरामी 'एचसियु'मा उपचाररत छन्", उहाँले भन्नुभयो,"बाँकी रहेका बिरामी जनरल वार्डमा छन् । आइसियुमा रहेका २२ मध्ये २० जना निजी अस्पताल र दुई जना नारायणी अस्पतालमा छन् ।"यहाँ हालसम्म एक सय २४ जना बिरामी उपचार गरेर घर फर्किसकेका छन्।

नेपाल रुबेला-मुक्त देश घोषित, नेपालीका लागि गर्वको विषय हो : स्वास्थ्यमन्त्री पौडेल

जनस्वास्थ्य क्षेत्रमा एक ऐतिहासिक उपलब्धि हासिल गर्दै नेपाल आधिकारिक रूपमा रुबेला-मुक्त देश घोषित भएको छ । सोमबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा विश्व स्वास्थ्य सङ्गठन तथा संयुक्त राष्ट्रसङ्घ बाल कोष (युनिसेफ) का प्रतिनिधिले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई रुबेला निवारणको प्रमाणपत्र हस्तान्तरण गर्नुभएको छ।

योसँगै रुबेला निवारण गर्नेे विश्व स्वास्थ्य सङ्गठनको दक्षिण पूर्वी एसिया क्षेत्रमा नेपाल छैटौँ राष्ट्र बनेको छ । विश्व स्वास्थ्य सङ्गठनले २०८२ साल भदौ २ गते नेपाल रुबेला रोग निवारण गर्न सफल भएको हो। मन्त्री पौडेलले यो घोषणा सम्पूर्ण नेपालीका लागि अत्यन्तै गर्वको विषय भएको बताउनुभयो । उहाँले यो उपलब्धिलाई दिगो राख्न र नेपालका बालबालिकाको स्वस्थ भविष्य सुनिश्चित गर्न अन्य खोप-रोकथाम योग्य रोगहरू उन्मूलनतर्फ काम गर्न निरन्तर प्रयासका लागि आह्वान गर्नुभयो।

उहाँले भन्नुभयो, "यो हाम्रा स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू र आम नागरिकको सक्रिय सहभागिताको अटुट समर्पणको परिणाम हो । नेपाल यो उपलब्धि हासिल गर्ने दक्षिण-पूर्वी एसिया क्षेत्रको छैटौं देश बनेको छ।"

स्वास्थ्य मन्त्रालयका सचिव डा विकास देवकोटाले नेपालले २०२५ मा रुबेला उन्मूलन गरेर एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेका गरेको बताउँदै अबको लक्ष्य दादुरा उन्मूलन गर्नुरहेको बताउनुभयो।

"दादुरा निकै छिटो फैलिन्छ । यदि हामीले यसको निगरानी प्रणालीलाई बलियो बनाएर यसलाई उन्मूलन गर्न सक्यौं भने, त्यही प्रणाली अन्य रोगहरूको नियन्त्रणका लागि पनि उदाहरणीय बन्नेछ", उहाँले भन्नुभयो।

परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले दशकौंको निरन्तर प्रयासपछि यो सफलता प्राप्त भएको विस्तृत जानकारी दिनुभयो । उहाँले यो घोषणा नेपालको राष्ट्रिय खोप कार्यक्रमका लागि एक महत्त्वपूर्ण कोशेढुङ्गा रहेको बताउँदै सरकारले खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो।

नेपालका लागि विश्व स्वास्थ्य संगठनका प्रतिनिधि डा राजेश सम्भाजीराव पान्डवले नेपाल सरकार र साझेदारहरूलाई बधाई दिँदै यो नेपालका लागि गर्वको क्षण र क्षेत्रीय तथा विश्वव्यापी स्वास्थ्यमा एक महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो । उहाँले सफलता निरन्तर उच्च खोप, बलियो निगरानी प्रणाली र प्रकोपको द्रुत प्रतिकार्यबाट सम्भव भएकोमा जोड दिनुभयो ।रासस

# मुलुकको सार्वभौमिकताको रक्षाका लागि पहलकदमी गर्न अध्यक्ष नेपालद्वारा आग्रह

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकको सार्वभौमिकता, भूगोलको रक्षाका लागि आवश्यक सबैखाले पहलकदमी लिन सरकारलाई आग्रह गर्नुभएको छ।

पार्टीको चौथो स्थापना दिवसका अवसरमा सोमबार एक विज्ञप्ति जारी गर्दै उहाँले देशको सार्वभौमिकता रक्षाका लागि सम्बन्धित पक्षलाई सबैको सहकार्य र समन्वयबाट दबाब दिनुपर्ने बताउँदै नेपाली भूगोलको सम्मान गर्न छिमेकी राष्ट्रहरूलाई समेत आह्वान गर्नुभयो।



मजदुर, किसान तथा उत्पीडित वर्गलाई राजनीतिक तथा सामाजिक अधिकार उपलब्ध गराउने उद्देश्यले कम्युनिष्ट आन्दोलनको मूल उद्देश्यले स्थापना गरिएको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले चार वर्ष पूरा गरेको जनाउँदै अध्यक्ष नेपालले सम्पूर्ण पार्टी पङ्क्ति, समर्थक, शुभचिन्तकलगायत सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले राष्ट्रिय स्वाधीनता सुदृढ गर्दै जनताको आधारभूत अधिकार तथा आवश्यकतालाई सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय स्वतन्त्रता, लोकतान्त्रिक अधिकार र जनजीविकाको प्रश्नलाई प्रमुख 'एजेण्डा' बनाउँदै आएको एकीकृत समाजवादीले राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्यायलाई आफ्नो आधार मानेर श्रमिक-किसान, दलित, महिला, उत्पीडित तथा अवसरबाट वञ्चित वर्गको हितमा दृढतापूर्वक अघि बढ्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो। समाजवाद उन्मुख लोकतन्त्रलाई मजबुत पार्ने, समतामूलक समाज निर्माण गर्ने र गरिब, किसान तथा उत्पीडित वर्गको अधिकारलाई संस्थागत गर्ने सङ्कल्प गर्नुपर्ने बताउँदै उहाँले कम्युनिष्ट आन्दोलनभित्र देखिएका विचलनलाई अन्त्य गरी आन्दोलनलाई शुद्धीकरण तथा एकीकरण गर्नुपर्ने उल्लेख गर्नुभयो।

अध्यक्ष नेपालले मुलुकमा सामाजिक न्याय, समानता र शोषणमुक्त समाजवादी व्यवस्था स्थापना गर्नु अहिलेको आवश्यकता भएको बताउनुभयो ।रासस

# लुम्बिनी प्रदेश राजधानी क्षेत्रको जग्गा सर्तसहित फुकुवा गर्ने प्रदेश सरकारको निर्णय

लुम्बिनी । लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले १२ निर्णय गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले प्रशासनिक, कानुनी, भौतिक पूर्वाधार र सामाजिक क्षेत्रका विषयबारे निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो।

राजधानी क्षेत्रभित्र राप्ती गाउँपालिका, गढवा गाउँपालिका र अर्घाखाँचीको शीतगङ्गा नगरपालिकामा रोक्का राखिएका निर्णय गरेको थियो।

बैठकले तीन प्रदेश सचिवको जिम्मेवारी तोकेको छ। मोतिराम सापकोटालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विनोद लामिछानेलाई युवा तथा खेलकुद मन्त्रालय र चुर्णबहादुर ओलीलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी तोकिएको छ। प्रदेश निजामती सेवा पुरस्कार छनोटका लागि मापदण्ड स्वीकृत गरेको छ।

यस्तै सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन र आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकका लागि अस्थायी सङ्गठन संरचना स्वीकृत गरिएको



निजी जग्गा स्थानीयको माग र पूर्वाधार विकास प्राधिकरणको सिफारिसअनुसार सर्तसहित फुकुवाका लागि सङ्घीय सरकारसमक्ष सिफारिस गर्ने बैठकले निर्णय गरेको छ। निर्णयअनुसार राप्ती गाउँपालिकाका सम्पूर्ण वडा, गढवा गाउँपालिका-१, २ र ३ मा एक कट्ठाभन्दा कम र शीतगङ्गा नगरपालिका-८ र ९ मा एक रोपनीभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न पाइने छैन। साथै जग्गा खरिदकर्ताले एकीकरण आयोजनाका सर्तहरू पालना गर्नेगरी सहमतिपत्रमा हस्ताक्षर गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रदेश राजधानी घोषणाअघि २०७७ असोज १६ गते सरकारले जग्गा रोक्का राख्ने छ। बैठकले सञ्चारमाध्यमसम्बन्धी ऐन संशोधन र एकीकरण गर्न अवधारणापत्र स्वीकृत गरेको छ। त्यस्तै नुवाकोट सांस्कृतिक डबली तिनाउ गाउँपालिकालाई हस्तान्तरण गर्ने, अष्ट्रेलियाको वेन्डिगोस्थित ग्रेट स्तूप अफ युनिभर्सल कम्प्यासनसँग औपचारिक सम्बन्ध स्थापना गर्दै बुद्धको प्रतिमा स्थापना गर्ने निर्णय पनि भएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमार्फत भूमि व्यवस्थापनसम्बन्धी विधेयकको अवधारणापत्रलाई सैद्धान्तिक स्वीकृति दिइएको छ भने सामाजिक विकास मन्त्रालयमार्फत दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय गरिएको छ। रासस

# संघीयतालाई वित्तीय र प्रशासनिक रुपमा प्रभावकारी बनाउनुपर्छ : महामन्त्री थापा




पाटन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सङ्घीयतालाई वित्तीय र प्रशासनिक रुपमा प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेसको सङ्घीय मामिला समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित 'संविधान संशोधन र सङ्घीयताको सबलीकरण, सङ्घ प्रदेश स्थानीय सरकारको समन्वय, प्रशासन र सुरक्षा निकायको भूमिका' विषयक अन्तरक्रियामा उहाँले सङ्घीयतालाई जनभावना अनुरुप प्रभावकारी बनाउनुपर्ने बताउनुभयो।

"जति अप्ठ्यारो भए पनि संविधान संशोधनको पक्षमा नेपाली कांग्रेसले जिम्मेवारी लिनुपर्छ, उत्तेजना बढाउनेले जे बोले पनि हुन्छ, तर हामीमा जिम्मेवारी छ, संविधान संशोधन गर्ने कुरा पनि समयअनुसार परिमार्जन गर्दै जानुपर्छ," उहाँले भन्नुभयो।

उहाँले जनआन्दोलनको समयमानयाँराजनीतिकप्रणालीको स्थापना गर्ने र संविधान बदल्ने राजनीतिक दलहरुको प्रतिबद्धता रहेका स्मरण गर्नुभयो। "सङ्घीयता नहुँदा र अहिलेको खर्चमा त्यति धेरै अन्तर छैन, प्रदेशले कुनै नयाँ संरचना खडा गरेको छैन, यसका लागि प्रमाणमा आधारित छलफल गर्नुपर्छ, प्रणाली महँगोभन्दा पनि हामीले पो महँगो हुने बनाएका छौँ कि", उहाँले भन्नुभयो।

सर्वोच्च अदालत बारका पूर्वअध्यक्ष एवं वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यले गणतन्त्र, सङ्घीयता, लोकतन्त्र, धर्म निरपेक्षता र मौलिक अधिकार वर्तमान संविधानको मुख्य अन्तर वस्तु भएकाले संशोधनको विषय उठ्दा यी विषयवस्तुलाई झनै सबल बनाउनुपर्ने बताउनुभयो।

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश प्रसाद मैनालीले सङ्घीयतामा स्थानीय सरकार, प्रदेश र सङ्घको प्रशासनिक संरचनाको व्यवस्थापन, जनताको सेवामा स्थानीय सरकारको भूमिकाका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।

सङ्घीय मामिला समन्वय विभागका प्रमुख चन्द्रबहादुर केसीले राजनीतिक नेतृत्व र संविधानविद्हरुले संविधानलाई समयसापेक्ष आवश्यकता अनुरुप परिमार्जन र गतिशील बनाउनुपर्नेमा जोड दिनुभयो।

**राजनीतिक नेतृत्व अलमल र लोभबाट मुक्त हुनुपर्छ : गगन थापा**

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मुलुकको राजनीतिक नेतृत्वले अब अलमल र व्यक्तिगत महत्वाकाङ्क्षाबाट मुक्त हुनुपर्ने बताउनुभएको छ।

कवि दीर्घबहादुर शाही 'डोक्का घरे'द्वारा लिखित मुक्तक सङ्ग्रह 'जीवन एक विम्ब अनेक' विमोचन कार्यक्रममा उहाँले अलमलबाट देश मुक्त हुनुपर्नेमा जोड दिनुभयो । "विसं २०८४ मा मेरो पालो आउँला/नआउला भन्ने सोचबाट बाहिर निस्कनुपर्छ," उहाँले भन्नुभयो, "डर र लोभबाट टाढा रहनुपर्छ। बरु पाँच वा दश वर्ष कुर्नुपरे पनि मनभित्रको दियो निभ्न दिनु हुँदैन । महत्वाकाङ्क्षी धेरै राख्नु हुँदैन।"

नेता थापाले सिर्जनशीलता र साहित्य समाजलाई अगाडि बढाउने प्रेरणाको स्रोत भएको उल्लेख गर्दै कवि शाहीको मुक्तक सङ्ग्रहले नेपाली साहित्यमा नवीन ऊर्जा थप्ने विश्वास व्यक्त गर्नुभयो।

संस्थाका अध्यक्ष मनोजमणि अधिकारीले लोकतन्त्र र साहित्यबीच गहिरो सम्बन्ध रहेको बताउँदै यस कृतिले साहित्यप्रेमीलाई नयाँ दृष्टिकोण दिने अपेक्षा व्यक्त गर्नुभयो ।कवि शाहीले आफ्नो मुक्तक सङ्ग्रहमा जीवनका विविध आयाम, सङ्घर्ष र अनुभूतिलाई समेट्ने प्रयास गरिएको बताउनुभयो । कार्यक्रममा साहित्य, राजनीति र सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तिहरूको उपस्थिति रहेको थियो। रासस


## महिला साना किसान कृषि सहकारी संस्था लि.
मिथिला बिहारी न.पा ०७, तारापट्टी, धनुषा, नेपाल

### कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**शिलबन्दी दरभाउपत्र नं. ०३-२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/५/८**

महिला साना किसान कृषि सहकारी संस्था लि, मिथिला बिहारी न.पा ०७, तारापट्टी, धनुषा, नेपालले GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागि यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरणहरु खरिद गर्नु पर्ने छ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागि तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरणहरु आपुर्तिको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा बितरकहरुबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यलय समय भित्र गोप्य शिलबन्दी दरभाउ पेश गर्नुहुन वा ईमेल ठेगाना mahilasanakisanmithilabihari75@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आपूर्ति गरिने सामग्रिहरूको बिवरणः-**

लिङ्कः- https://drive.google.com/drive/folders/1vD-A1HPk31gkTkHVJK3LTchAZBrJudjA?usp=sharing

यो लिङ्क भित्र गई सम्पूर्ण जानकारी लिई फारम भरी पेश गर्नुहोला।

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिनेछ। ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसँग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि शिलबन्दी दरभाउ पेश गर्न सकिनेछ। गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ।
२. बिक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ।
३. उपरोक्त कारोबार भदौ ९ देखि मंसिर १५, २०८२ सम्म संचालन गरिनेछ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले संस्थाको कार्यलयमा उपस्थित भई वा (माथि लिङ्ग बाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस सहकारी संस्थाको कार्यलयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा परेमा सो पछिको कार्यलय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ)।
५. शिलबन्दी दरभाउँ पत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/२०८२ वा म्याद थपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेशगर्नु पर्नेछ।
६. शिलबन्दी दरभाउँ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्क वापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरि, जम्मा गरेको भौचर शिलबन्दी दरभाउँसंग पेशगर्नु पर्नेछ।
७. बोलपत्र फाराममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ। अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट वा टिपेक्स लागेको अंकमान्य हुने छैन।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले शिलबन्द गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्यहुने छैन।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौ ३० गते १ बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ। तोकिएको दिनमा बोलपत्र दाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि शिलबन्दी दरभाउँ खोल्न कुनै बाधा पर्ने छैन। तर सो दिन सार्वजानिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन शिलबन्दी दरभाउँ खोलिने छ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
११. अन्य शर्तहरु महिला साना किसान कृषि सहकारी संस्था लि. को खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ। निर्णयको सर्वाधिकार महिला साना किसान कृषि सहकारी संस्था लि. मा निहित रहनेछ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावितक बोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यलयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको Nepal Investment Mega Bank (NIMB) खाता नं. २९४०१०५००००००८६ मा दखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र शिलबन्दी बोलपत्र संगै पेश गर्नु पर्ने छ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ।

**नोट**ः सामान खरिद उप समिति तथा संचालक समितीको निर्णय नै अन्तिम निर्णय हुने छ।

**बोलपत्र पेश गर्ने र खोलिने ठेगाना**ः
महिला साना किसान कृषि सहकारी संस्था लि.
मिथिला विहारी न.पा ०७, तारापट्टि, धनुषा, नेपाल
ईमेलः mahilasanakisanmithilabihari75@gmail.com
मो. नं. ९८१७६८९७९५

# टाइफुन काजिकी अघि भियतनामले दशौँ हजारलाई खाली गऱ्यो

एएफपी

भिन्ह ।टाइफुन काजिकीले देशको मध्य भागमा करिब १६० किलोमिटर प्रतिघण्टाको गतिमा प्रहार गर्ने अनुमान गरिएसँगै सोमबार तटीय भियतनामका दशौँ हजार बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ।

यस वर्ष भियतनाममा असर गर्ने पाँचौँ टाइफुन समुद्रमा सक्रिय छ र टोन्किनको खाडीमा ९.५ मिटर (३१ फिट) उचाइका छालहरू उठेका छन् ।पाँच तटीय प्रान्तका तीन लाख २५ हजार पाँच सयभन्दा बढी बासिन्दालाई विद्यालय र सार्वजनिक भवनहरू अस्थायी आश्रयस्थल बनाई सुरक्षित राखिएको अधिकारीहरूले जनाएका छन् ।

हाइड्रो-मौसम पूर्वानुमान केन्द्रका अनुसार टाइफुनले दिउँसो १:०० बजे (०६०० जिएमटी) करिब १५७ किलोमिटर प्रतिघण्टाको हावासहित अवतरण गर्ने अपेक्षा गरिएको छ।

**कहिल्यै यति ठूलो हुदैन**

मानव-कारण जलवायु परिवर्तनले अझ तीव्र र अप्रत्याशित मौसम ढाँचाहरू उत्पन्न गरिरहेको वैज्ञानिकहरूको भनाइ छ। यस्ता अप्रत्याशित मौसमी ढाँचाहरूले विशेष गरी उष्णकटिबन्धीय क्षेत्रमा विनाशकारी बाढी र आँधीबेहरीको सम्भावना बढाएको छ।"सामान्यतया आँधीबेहरी र बाढी आउँछन्, तर यति ठूलो कहिल्यै हुँदैन",




भिन्हको वाटरफ्रन्ट सहर रातभर जलमग्न रह्यो। बिहानसम्म सडकहरू सुनसान बनेका थिए, पसल तथा रेस्टुरेन्टहरू बन्द थिए र बासिन्दा तथा व्यवसायीहरूले आफ्नो सम्पत्तिको प्रवेशद्वारमा बालुवा भरिएका बोराहरू राखेका थिए ।सोऱ्ह हजारभन्दा बढी सैनिक परिचालन गरिएपछि बिहानैसम्म करिब ३० हजार मानिसलाई क्षेत्रबाट सुरक्षित निकालिएको थियो।

टाइफुनको बाटोमा परेका दुईवटा घरेलु विमानस्थल बन्द गरिएका छन् र सबै माछा मार्ने जहाजहरूलाई बन्दरगाहमा फर्काइएको छ।"मैले हाम्रो सहरमा यति ठूलो टाइफुन आएको कहिल्यै सुनेको थिइनँ", ६६ वर्षीय ले मान तुङले भिन्ह इनडोर स्पोर्ट्स स्टेडियममा भन्नुभयो। त्यहाँ विस्थापित परिवारहरू चामलको साधारण नास्ता खाइरहेका थिए।

"म अलिकति डराएको छु, तर अन्ततः हामीले यसलाई स्वीकार्नुपर्छ किनकि यो प्रकृतिको शक्ति हो– हामी केही गर्न सक्दैनौँ", उहाँले सोमबार बिहान निकासी स्थलमा भन्नुभयो ।भियतनामको राष्ट्रिय ५२ वर्षीया विस्थापित गुयेन थी नहानले भन्नुभयो ।आँधीको शक्ति अवतरण भएपछि क्रमशः कमजोर हुने अपेक्षा गरिएको छ।

संयुक्त टाइफुन चेतावनी केन्द्रले टोन्किनको खाडी नजिकको महाद्वीपीय किनारमा पुग्दा समुद्रको गर्मी कम हुने भएकाले आँधी कमजोर हुने सम्भावना रहेको बताएको छ ।आइतबार भियतनाममा दर्जनभन्दा बढी घरेलु उडानहरू रद्द गरिएका थिए भने टाइफुनले त्यहाँको दक्षिणी क्षेत्र पार गर्दै गएकाले चीनको उष्णकटिबन्धीय रिसोर्ट हाइनानमा करिब २० हजार बासिन्दालाई खाली गरिएको थियो। हाइनानको मुख्य सहर सान्याले रमणीय क्षेत्रहरू बन्द गरेको छ भने र व्यावसायिक गतिविधि रोकिएको छ।

भियतनामको कृषि मन्त्रालयका अनुसार सन् २०२५ को पहिलो सात महिनामा प्राकृतिक प्रकोपका कारण एक सयभन्दा बढी मानिस मारिएका वा बेपत्ता भएका छन् ।आर्थिक क्षति दुई करोड १० लाख डलरभन्दा बढी भएको अनुमान गरिएको छ।

# जापानमा चुनावी हारपछि प्रधानमन्त्री इशिबाको पुनरागमन

एएफपी

टोकियो । जापानका प्रधानमन्त्री शिगेरु इशिबाको लोकप्रियता फेरि बढेको छ । एक महिनाअघि भएको चुनावी पराजयले उहाँको पद सङ्कटमा परे पनि सोमबार सार्वजनिक भएका विभिन्न सर्वेक्षणहरूले उहाँको समर्थन दर बढ्दै गएको देखाएका छन्।

गत वर्ष लामो समयदेखि प्रभावशाली लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) को नेतृत्व लिनुभएका इशिबाले जुलाईमा भएको माथिल्लो सदनको निर्वाचनमा संसद्को दुवै सदनमा बहुमत गुमाउनुभएको थियो।

तर स्व-घोषित रक्षा नीति विशेषज्ञ एवं मोडेल जहाज निर्माणप्रति रुचि राख्ने इशिबाले पार्टीभित्रैबाट आएको राजीनामा मागलाई बेवास्ता गर्नुभएको छ । एलडिपीले सन् १९५० को दशकदेखि लगभग निरन्तर रूपमा जापान शासन गर्दै आएको छ।

योमिउरी सिम्बुनले सोमबार प्रकाशित गरेको सर्वेक्षणअनुसार इशिबाको मन्त्रिमण्डलको स्वीकृति दर ३९ प्रतिशत पुगेको छ। यो जुलाई २० को निर्वाचनपछि १७ अङ्कले वृद्धि भएको हो।

सोही सर्वेक्षणमा उत्तरदातामध्ये ५० प्रतिशतले इशिबाले पदमा रहनुपर्ने बताएका छन् भने ४२ प्रतिशतले राजीनामा दिनुपर्ने मत दिएका छन् । जुलाईमा



भने उल्टो परिणाम आएको थियो–५४ प्रतिशतले राजीनामा दिनुपर्ने र ३५ प्रतिशतले बसिरहनुपर्ने बताएका थिए।

क्योदो न्युजको अर्को सर्वेक्षणले पनि समर्थन दर ३५ दशमलव चार प्रतिशत देखाएको छ। यो गत महिनाको तुलनामा १२ दशमलव पाँच अङ्क बढी हो । अस्वीकृति दर भने अझै उच्च रहँदै ४९ दशमलव आठ प्रतिशत रहेको छ। मैनिची सिम्बुनको तेस्रो सर्वेक्षणमा पनि समर्थन दर चार अङ्क बढेर ३३ प्रतिशत पुगेको छ। यो फेब्रुअरीयता पहिलो पटक ३० प्रतिशत नाघेको हो।

**विशाल सम्झौता**

योमिउरीले समर्थन बढ्नुमा अमेरिकासँग हालै भएको व्यापार सम्झौता र चामलको मूल्य नियन्त्रण गर्न सरकारको प्रयासलाई कारण मानेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जापानसँग 'विशाल' व्यापार सम्झौताको घोषणा गर्नुभएको थियो। सम्झौताअनुसार अमेरिकाले कर २५ प्रतिशतबाट घटाएर १५ प्रतिशतमा ल्याएको छ भने कारमा लगाइएको कर पनि समान दरमा झारिएको छ।

मतदातामध्ये अमेरिकी व्यापार वार्तामा इशिबाको भूमिकालाई समर्थन गर्नेहरू २९ प्रतिशतबाट बढेर ४२ प्रतिशत पुगेका छन्। साथै, ८६ प्रतिशत उत्तरदाताले धान उत्पादन बढाउने सरकारको निर्णयलाई अनुमोदन गरेका छन्।

गत वर्षको 'मेगाक्वेक' चेतावनीपछिको आत्तिएको खरिद र सन् २०२३ को गर्मीका कारण आपूर्ति समस्याले चामलको मूल्य आकासिएको थियो । यसलाई नियन्त्रण गर्न इशिबाले लोकप्रिय नेता तथा सम्भावित चुनौतीकर्ता ४४ वर्षीय शिन्जिरो कोइजुमीलाई नयाँ कृषिमन्त्री नियुक्त गर्नुभएको छ । साथै, सरकारले आपत्कालीन भण्डार बजारमा ल्याएर मूल्य घटाउने प्रयास पनि गरेको छ।

मिडिया रिपोर्टअनुसार एलडिपीले चुनावको समीक्षा गर्ने र त्यसपछि पार्टी नेतृत्व चुनाव गर्ने वा नगर्ने निर्णय लिने योजना बनाएको छ।

अठसठ्ठी वर्षीय इशिबाले हालै एलडिपीको पूर्ण बैठकमा केही सांसदहरूले राजीनामा मागेपछि भन्नुभएको थियो, "म अनुसन्धानको नतिजालाई उचित रूपमा विचार गर्नेछु। विभिन्न कुरा एकैसाथ भइरहेका भएकाले म आफ्नो सोचलाई अझ गहिरो बनाउन चाहन्छु।"

नेसनल ग्राजुएट इन्स्टिच्युट फर पोलिसी स्टीडजका राजनीति विज्ञ मिकिताका मासुयामाका अनुसार, "एलडिपीभित्र पार्टी नेतृत्व चुनाव गराउने जोश क्रमशः घट्दै गएको छ । यदि अहिले नेतृत्व परिवर्तनमा जोड दिइयो भने, दैनिक जीवनसँग प्रत्यक्ष सम्बन्धित मुद्रास्फीति जस्ता समस्याको समाधान नगरी केवल आन्तरिक राजनीति गर्ने भन्दै एलडिपीले आलोचना भोग्न सक्छ।"

# जेनेभामा इरान र युरोपेली शक्तिहरूबीच आणविक वार्ता

एएफपी

तेहरान । इरानले र बेलायत, फ्रान्स तथा जर्मनीसँग मङ्गलबार जेनेभामा आणविक वार्ता गर्ने इरानी राज्य सञ्चारमाध्यमले जानकारी दिएको छ।

"मङ्गलबार इरान र सन् २०१५ को आणविक सम्झौतामा संलग्न यी तीन युरोपेली पक्षले, युरोपेली सङ्घ (इयु) सहित, उप-विदेशमन्त्री स्तरमा जेनेभामा नयाँ चरणको वार्ता गर्नेछन्", सरकारी टेलिभिजनले सोमबार जनाएको छ ।यो वार्ता जुन महिनाको मध्यतिर भएको इजरायलसँगको १२ दिने युद्धपछि दोस्रो बैठक हो । उक्त युद्धका क्रममा अमेरिकाले तेहरानका आणविक प्रतिष्ठानहरूमा आक्रमण गरेको थियो। अघिल्लो वार्ता जुलाई २५ मा इस्तानबुलमा भएको थियो।

इजरायलसँगको युद्धपछि इरानले संयुक्त राष्ट्रसङ्घीय आणविक नियामक निकायसँगको सहकार्य निलम्बन गरेको थियो। तेहरानले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले इजरायल र अमेरिकाद्वारा गरिएका आक्रमणको भर्त्सना नगरेको आरोप लगाएको छ ।इजरायलद्वारा गरिएका तीव्र बमबारी र १२ दिने युद्धमा इरानले दिएको प्रतिशोधले वासिङ्टनसँगको तेहरानको आणविक वार्तालाई लिकबाट उतारेको थियो।



ती तीन युरोपेली देशले सन् २०१५ को आणविक सम्झौताअन्तर्गत 'स्न्यापब्याक संयन्त्र' सक्रिय गर्ने चेतावनी दिएका छन्। यदि इरानले युरेनियम संवर्धन रोक्न र आइएइए निरीक्षकहरूसँग सहयोग पुनः सुरु नगरेसम्म, सम्झौताअन्तर्गत हटाइएका संयुक्त राष्ट्रसङ्घका प्रतिबन्धहरू पुनः लागू हुनेछन् ।तर इरानले भने, युरोपेलीहरूले सम्झौताअन्तर्गत आफ्ना प्रतिबद्धता पूरा नगरेकाले उक्त संयन्त्र लागू गर्ने अधिकार छैन भनी विवाद उठाएको छ।

बेलायत, फ्रान्स र जर्मनीसँगै चीन, रुस र संयुक्त राज्य अमेरिकाले सन् २०१५ मा औपचारिक रूपमा संयुक्त व्यापक कार्य योजना (जेसिपिओए) अन्तर्गत इरानसँग सम्झौता गरेका थिए। यस सम्झौताअनुसार, तेहरानले आणविक हतियार विकास नगर्ने ग्यारेन्टीका सट्टा आर्थिक प्रतिबन्ध हटाइएको थियो। आणविक हतियार विकास गर्ने आरोपलाई इरानले सधैं अस्वीकार गर्दै आएको छ।

तर, सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा वासिङ्टनले एकपक्षीय रूपमा सम्झौताबाट बाहिरिँदै कठोर आर्थिक प्रतिबन्धहरू पुनः लगायो। यसले इरानलाई, विशेषतः युरेनियम संवर्धनका क्षेत्रमा आफ्ना प्रतिबद्धताबाट पछि हट्न बाध्य बनायो।

अमेरिकी फिर्तीपछिको अवस्थामा पनि लन्डन, पेरिस र बर्लिनले सम्झौताप्रतिको प्रतिबद्धता दोहोऱ्याउँदै इरानसँग व्यापार जारी राख्ने इच्छा व्यक्त गरेका थिए । त्यसैले संयुक्त राष्ट्रसङ्घ र युरोपेली प्रतिबन्धहरू पुनः लागू भएनन् । यद्यपि अमेरिकाले आफ्ना प्रतिबन्धहरू पुनःस्थापित गऱ्यो ।तर अमेरिकी प्रतिबन्धको क्षतिपूर्ति गर्न युरोपेली देशहरूले तयार गरेको संयन्त्र भने सफल हुन सकेन। यसै कारण उच्च मुद्रास्फीति र आर्थिक सङ्कटसँग जुझिरहेको इरानबाट धेरै पश्चिमी कम्पनीहरू बाहिरिन बाध्य भए।

स्न्यापब्याक संयन्त्र सक्रिय गर्ने समयसीमा अक्टोबरमा समाप्त हुन्छ । तर फाइनान्सियल टाइम्सका अनुसार, यदि इरानले वासिङ्टनसँग वार्ता पुनः सुरु गऱ्यो र आइएइएसँग सहकार्यमा फर्कियो भने युरोपेलीहरूले उक्त समयसीमा विस्तार गर्ने प्रस्ताव गरेका छन्। यद्यपि, इरानी विदेशमन्त्री अब्बास अराघचीले युरोपेली शक्तिहरूलाई त्यस्तो निर्णय गर्ने कुनै अधिकार नभएको बताएका छन्।

# भारतमाथि लगाइएको भन्सार शुल्कको बचाउ

एएनआई

वासिङ्टन । अमेरिकाका उपराष्ट्रपति जे डी भान्सले आइतबार (स्थानीय समय) भारतमाथि लगाइएका माध्यमिक प्रतिबन्ध र भन्सार शुल्कलाई युक्रेन युद्धमा रुसविरुद्ध प्रयोग गरिएको 'आक्रामक आर्थिक लाभ' को रणनीति अन्तर्गत रहेको भन्दै यसको बचाउ गर्नुभएको छ।



एनबिसी न्युजको मिट द प्रेस कार्यक्रममा बोल्दै उहाँले ट्रम्प प्रशासनले भारतमाथि कर लगाउने उपायमार्फत मस्कोलाई आफ्नो तेल अर्थतन्त्रबाट फाइदा लिन कठिन बनाइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "मलाई लाग्छ यो प्रश्नले वास्तविक अवस्थाबारे गलत बुझाइ ल्याउँछ । राष्ट्रपतिले आक्रामक आर्थिक लाभको प्रयोग गर्नुभएको छ। उदाहरणका लागि, रुसीहरूलाई तेल अर्थतन्त्रबाट धनी हुन कठिन बनाउने उद्देश्यले भारतमाथि दोस्रो भन्सार शुल्क लगाइएको हो। उहाँले यदि रुसले हत्या र हिंसा रोकेर युद्ध अन्त्य गर्छ भने उनीहरू पुनः विश्व अर्थतन्त्रमा समाहित हुन सक्छन्, तर यदि त्यसो भएन भने उनीहरू अलग-थलग रहन्छन् भनेर स्पष्ट रूपमा देखाउनु खोज्नुभएको छ।"

प्रतिबन्धले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युद्धविरामका लागि बाध्य हुनुहुन्न भन्ने विदेशमन्त्री मार्को रुबियोको शङ्काबारे सोध्दा भान्सले भन्नुभयो, "प्रतिबन्धहरू टेबलबाट हटाइएका छैनन्। हामी केस-बाइ-केस आधारमा निर्णय गर्छौं । वास्तविक प्रश्न यो हो कि कुन प्रकारको दबाबले रुसीहरूलाई वार्ता टेबलमा ल्याउन सक्छ ? तपाईंले भन्नुभयो कि प्रतिबन्धले युद्धविराम ल्याउँदैन, मलाई लाग्छ त्यो ठ्याक्कै सत्य हो। किनकि यदि हामी रुसीहरूको दृष्टिकोणलाई हेऱ्यौं भने, उनीहरू युद्ध रोक्न चाहँदैनन् । उनीहरूका जटिल कारण छन् जसका कारण युद्ध जारी राख्न चाहन्छन् ।"

उप-राष्ट्रपतिले अमेरिकासँग अझै पनि 'खेल्न बाँकी धेरै कार्डहरू' रहेको उल्लेख गर्दै ट्रम्प प्रशासनले अघिल्ला सरकारहरूमाभन्दा बढी आर्थिक दबाब मस्कोमाथि दिएको दाबी गर्नुभयो।

वासिङ्टनले रुसी तेलको सबैभन्दा ठूलो खरिदकर्ता चीनमाथि समान उपाय लागू नगरेको भन्ने आलोचनामा उहाँले जवाफ दिनुभयो, "अहिले हामीसँग चीनमाथि ५४ प्रतिशत कर छ। यसैले हामीले पहिले नै चिनियाँहरूमाथि कडा प्रतिबन्ध लागू गरिसकेका छौं। साथै, युद्ध अन्त्य गर्न चीनलाई जिम्मेवार साझेदार बन्न प्रोत्साहित गर्न सरकारका सबै तहमा निरन्तर संवाद भइरहेका छन्।"

यदि रुससँग सम्झौता भयो भने केही कर हटाउन सकिने तर आवश्यक परे थप भन्सार शुल्क लगाउने विकल्प पनि खुला रहनेछ भन्ने भान्सले सङ्केत दिनुभयो ।उहाँले भन्नुभयो, "हामी यो युद्धलाई अन्त्यतर्फ लैजान आक्रामक आर्थिक दबाब दिइरहेका छौं । सम्भवतः हामीले अझै थप दबाब लागू गर्नेछौं, वा यदि प्रगति भएको महसुस भयो भने त्यो दबाब घटाउनेछौं।"

रुस-युक्रेन वार्ता र युक्रेनका लागिअमेरिकीप्रतिबद्धतासन्दर्भमा भान्सले भन्नुभयो, "हामी युक्रेनलाई सुरक्षा ग्यारेन्टी प्रदान गरिरहेका छौं जसले भविष्यमा फेरि आक्रमण हुन नदिने सुनिश्चित गर्छ। त्यसैले धेरै प्रगति भएको छ, यद्यपि हामी अझै लक्ष्यसम्म पुगेका छैनौं।"

अमेरिकी कूटनीतिक पहलमा प्रकाश पार्दै उहाँले भन्नुभयो, "हामी हत्या र युद्ध रोक्ने आधार खोज्न रुसी तथा युक्रेनी दुवैसँग सकेसम्म संवाद गर्ने प्रयास गरिरहेका छौं। राष्ट्रपति पनि यस क्षेत्रमा धेरै आक्रामक र ऊर्जावान कूटनीतिमा संलग्न हुनुभएको छ, किनभने यो युद्ध कसैको हितमा छैन। यो न युरोप न अमेरिकाको हितमा पर्छ। रुस वा युक्रेनको हितमा पनि छैन। त्यसैले हामी कूटनीतिक समाधानका लागि निरन्तर दबाब दिनेछौं।"

# मानव पुर्खा लुसीको प्रागमा पहिलोपटक युरोपेली प्रदर्शन

एएफपी

प्राग। मानव पुर्खा लुसीका ३१ लाख ८० हजार वर्ष पुराना हड्डीका टुक्राहरू सोमबारदेखि प्रागको चेक राष्ट्रिय सङ्ग्रहालयमा पहिलोपटक युरोपमा प्रदर्शनीमा राखिने भएका छन्।

यी हड्डीका टुक्राहरू विरलै इथियोपियाबाहिर लैजाने गरिन्छन् ।अस्ट्रेलोपिथेकस अफारेन्सिस प्रजातिका यी प्राचीन अवशेषहरू सन् १९७४ मा इथियोपियामा फेला परेका थिए । त्यो खोज त्यतिबेला अहिलेसम्मकै सबैभन्दा पूर्ण जीवाश्म थियो र यसले मानव पुर्खासम्बन्धी बुझाइमा क्रान्ति ल्याएको छ।

लुसीका अवशेषसँगै सेलाम नाम दिइएको अर्को जीवाश्म पनि प्रस्तुत गरिनेछ। सेलाम लुसीभन्दा झण्डै एक लाख वर्ष पहिले बाँचेको दुई वर्ष सात महिनाको बच्चा अस्ट्रेलोपिथेकस हो । यसको जीवाश्म लुसी फेला परेको २५ वर्षपछि सोही क्षेत्रमा पाइएको हो ।लुसी पत्ता लगाउने डोनाल्ड जोहानसन र सेलाम पत्ता लगाउने जेरिसेने अलेम्सेगेड दुवै प्रागमा हुने उद्घाटन कार्यक्रममा सहभागी हुनुहुनेछ।

"सेलामलाई अहिलेसम्म कहिल्यै इथियोपियाबाहिर प्रदर्शन गरिएको छैन र लुसीलाई केवल एक पटक मात्र संयुक्त राज्य अमेरिकामा देखाइएको थियो", राष्ट्रिय सङ्ग्रहालयका निर्देशक माइकल लुकेसले भन्नुभयो । अगस्ट १५ मा अवशेषहरू प्राग आइपुगेपछि उहाँले यसलाई 'विश्वकै सबैभन्दा बहुमूल्य र प्राचीन पुरातात्त्विक प्रदर्शनीमध्ये एक' भनेर वर्णन गर्नुभयो ।आदीस अबाबामा रहेको इथियोपियाको राष्ट्रिय सङ्ग्रहालयले उधारो दिएको ५२ टुक्रा अवशेषहरू 'मानव उत्पत्ति र जीवाश्म' प्रदर्शनीअन्तर्गत ६० दिनका लागि प्रदर्शनीमा राखिनेछन्।

इथियोपियाली हेरिटेज अथोरिटीका निर्देशक अबेबाव अयाल्यु गेल्लाले यो प्रदर्शनीले 'इथियोपियालाई मानव मूलको भूमिका रूपमा प्रवर्द्धन गर्ने' बताउनुभयो ।उहाँलेले भन्नुभयो, "लुसीले मानव पुर्खाको अध्ययनमा क्रान्ति ल्यायो–पहिलो त यसको पूर्णताका कारण र दोस्रो यसको उमेरका कारण । सेलाम आफ्नो युगकै लागि अद्वितीय जीवाश्म हो... यो दुई वर्ष सात महिनाको उमेरमा मरेको बालकको जीवाश्म हो।"

**बिटल्सबाट प्रेरित नाम**

हाल लुसीका जीवाश्म अवशेषमा दन्त टुक्रा, खोपडीका भाग, नितम्बको भाग र तिघ्राको हाडका अंश समावेश छन्।

एक दशमलव एक मिटर अग्लो (३ फिट ७ इन्च) र २९ किलोग्राम (६४ पाउन्ड) तौलकी लुसीको कङ्काल अन्तिमपटक इथियोपियाबाहिर सन् २००७ देखि २०१३ सम्म अमेरिकी सङ्ग्रहालयहरूको भ्रमणमा देखाइएको थियो ।उनी पत्ता लाग्दा टोलीले द बिटल्सको 'लुसी इन द स्काई विथ डायमन्ड्स' गीत सुनेका कारण उनको नाम लुसी राखिएको हो ।लुसी दुई खुट्टामा हिँड्थिन् र ११ देखि १३ वर्षको उमेरमा मृत्यु भएको अनुमान गरिन्छ । यो उमेरमा यो प्रजातिका लागि वयस्क मानिन्थ्यो।

पहिले लामो समयसम्म सबैभन्दा पुरानो मानव पुर्खा मानिएकी लुसीलाई सन् १९९४ मा फेला परेको अर्को जीवाश्मले त्यस स्थानबाट हटायो। त्यो थियो अर्डी–अर्डीपिथेकस रामिडस प्रजातिकी महिला । यिनले करिब ४५ लाख वर्षअघि इथियोपियामा जीवन बिताएकी थिइन् ।सन् २००१ मा चाडमा 'तौमाई' नाम दिइएको ६/७ लाख वर्ष पुरानो खोपडी फेला पऱ्यो, जसले मानव परिवार अझ पुरानो हुनसक्ने सङ्केत दियो।

सन् २०१६ को एक अध्ययनले लुसीको माथिल्लो हात असामान्य रूपमा बलियो भएको देखायो । अध्ययनले उनी नियमित रूपमा रूख चढ्ने र रातमा हाँगामा गुँड बनाएर बस्ने गर्थिन् भन्ने सुझाव दियो ।तर उनको खुट्टा भने कमजोर थिए, जसले उक्लनमा खासै भूमिका खेल्दैन र हिँड्नमा पनि प्रभावकारी थिएन।

# पशुवस्तुलाई पौष्टिक आहार खुवाउन साइलेज उद्योग स्थापना

दमौली । जिल्लाको भिमाद नगरपालिका-६ मालेबगरमा साइलेज उद्योग सञ्चालनमा आएको छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत भिमाद नगरपालिकाले साझेदारीमा साइलेज उद्योग स्थापना गरेको हो ।

गण्डकी प्रदेश सरकारको ७० र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा उद्योग स्थापना भएको नगरपालिकाका नायब पशु स्वास्थ्य प्राविधिक सुदीप गैह्रेले जानकारी दिनुभयो । रु ५६ लाख १८ हजार ७७१ को लागतमा उद्योग स्थापना गरिएको छ । उहाँका अनुसार उद्योगमा संरचना निर्माणका लागि रु २२ लाख १८ हजार ७७१ खर्च भएको छ भने उपकरण जडानमा रु ३४ लाख खर्च भएको छ ।

किसानले पालेका पशुवस्तुलाई पौष्टिक आहारयुक्त घाँस खुवाउने उद्देश्यसहित साइलेज उद्योग स्थापना गरिएको गैह्रेले बताउनुभयो । नगर पशुपालनका लागि प्रशस्त सम्भावना भएको क्षेत्र भएकाले यहाँका कृषकले पालेका पशुवस्तुलाई पौष्टिक आहारयुक्त आहारको अभाव नहोस् भन्ने उद्देश्यले उद्योग स्थापना गरिएको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "हिउँदको समयमा पशुलाई खुवाउन तराई, मधेस र भारतबाट पराल आयात गरेर ल्याउनुपर्ने बाध्यता छ । वर्षायाममा नेपियर, मकैलगायत घाँस खेर जाने र हिउँदमा पैसा तिरेर ल्याउनुपर्ने बाध्यताको अन्त्य गर्न यस उद्योगले सहयोग




पुग्नेछ ।"

डाँठ भएका घाँसलाई साइलेज बनाएर पशुलाई खुवाउँदा पशुको वृद्धिविकासका लागि उपयोगी हुने पशु स्वास्थ्य प्राविधिक गैह्रेले विश्वास व्यक्त गर्नुभयो । "घाँसलाई चापकटरको माध्यमबाट काटिन्छ र 'व्यारलमेसिन'मा हालेर प्लाष्टिकले बेरी साइलेज उत्पादन गरिन्छ", उहाँले भन्नुभयो, "साइलेज बनेको ६० दिनभित्र खुवाउन उपयुक्त हुन्छ । हिउँदको समयमा पर्याप्त घाँस नहुने भएकाले वर्षायामको घाँस सदुपयोग गरी हिउँदमा किसानलाई उपलब्ध गराउँछौँ ।" दुधिलो मकैबाट साइलेज बनाएमा दाना, कुडो कटौती गरेर खुवाउन सकिने उहाँको भनाइ छ ।

गैह्रेका अनुसार दुहुना गाईभैँसी, बाख्रा, बङ्गुर, माछालाई पनि साइलेज खुवाउन सकिन्छ । साइलेज उद्योग सञ्चालनको जिम्मेवारी भिमाद कृषि उद्यम सहकारी संस्थाले पाएको छ । नगरपालिकाभित्र रहेका विभिन्न सहकारीसँग आवेदन माग गरेकामा उक्त सहकारीले सञ्चालनको जिम्मा पाएको हो ।

उद्योग सञ्चालनका लागि नगरप्रमुख दधिराज सुवेदीको संयोजकत्वमा निर्देशक समिति गठन गरिएको छ । उद्योग सञ्चालनबाट भएको नाफा सहकारी र नगरपालिकालाई ५०/५० प्रतिशत बाँडफाँट गर्ने सम्झौता भएको छ ।

यहाँका किसानले घाँस, मकै ल्याई साइलेज बनाएर लैजान सक्नेछन् भने किसानले उत्पादन गरेका घाँस उद्योगमा ल्याएर बिक्री गर्नसक्ने व्यवस्था गरिएको सहकारीका अध्यक्ष नारायणप्रसाद पौडेलले जानकारी दिनुभयो । त्यस्तै तयारी भएको साइलेज खरिद गर्नसक्ने समेत व्यवस्था मिलाइएको छ ।

किसानले मकैको बोट ल्याएर बिक्री गर्दा प्रतिकिलो रु आठ प्राप्त गर्नेछन् भने नेपियरको प्रतिकिलो रु चार मूल्य निर्धारण गरिएको छ । आफैँ बनाएर लैजानुपर्दा प्रतिकिलो रु पाँच तिर्नुपर्दछ । तयारी साइलेज खरिद गर्नुपर्दा नेपियरको साइलेज प्रतिकिलो रु १२ र मकैको प्रतिकलिो रु १६ मूल्य निर्धारण गरिएको छ ।

भिमाद-५ का भैँसीपालक कृषक मेघराज मरासिनीले हिउँदको समयमा घाँस अभाव हुँदा साइलेजको प्रयोग गर्न सकिने भएपछि कृषकलाई फाइदा पुग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हिउँदमा हरिया घाँस पाइँदैन । तराईबाट ल्याएको परालमा भर पर्नुपर्ने बाध्यता छ । साइलेजले गर्दा हरियो घाँसको मात्रा र आफ्नै घाँस प्रयोग गर्न सकिने हुँदा धेरै सजिलो हुने भयो ।" साइलेज पशुवस्तुका लागि पौष्टिक आहार हुने भएकाले कृषकका लागि उपयोगी हुने उहाँको भनाइ छ ।

भिमाद-८ का कृषक सूर्यप्रसाद पराजुलीले पशु आहारका लागि घाँस त्यतिकै खुवाउँदा पशुले राम्रोसँग नखाने, आधा फालिदिने समस्या रहँदै आएकाले साइलेज बनाएर खुवाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "साइलेज खुवाउँदा दूधको मात्रा बढ्ने, मासु पनि बढ्ने र पशुको स्वास्थ्य पनि राम्रो हुने रहेछ ।" किसानले तराई मधेसबाट पराल खरिद गरेर ल्याउनुभन्दा साइलेज खुवाउँदा लागत पनि कम पर्ने उहाँको भनाइ छ ।रासस

# उत्पादनमा आधारित अनुदानले बेनीका किसान उत्साही



म्याग्दी । म्याग्दीको बेनी नगरपालिकाले उत्पादनमा आधारित अनुदान दिन थालेपछि किसानहरू उत्साहित भएका छन् ।

गाईभैँसी र बाख्रापालकलाई दिँदै आएको 'उत्पादनका आधारमा प्रोत्साहन' कार्यक्रम प्रभावकारी बनेपछि यो वर्षदेखि सागसब्जी खेती गर्ने किसानलाई पनि उपलब्ध गराउन बजेट विनियोजन गरेको छ । मासु, दूध र तरकारीमा उत्पादन वृद्धि गरी आत्मनिर्भर बनाउन कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको नगर प्रमुख सुरत केसीले बताउनुभयो ।

"किसानलाई व्यावसायिक बनाउन र उत्पादन बढाउन उत्पादन गरेपछि नगद प्रोत्साहन पाउने नीति सफल भएको छ", उहाँले भन्नुभयो, "बजेट बढाएर साना किसानलाई पनि समेट्ने गरी कार्यविधि बनाएका छौँ ।"

चालु आव २०८२/८३ मा उत्पादनमा आधारित अनुदानका लागि दूधमा रु १५ लाख, साजसब्जीमा रु १० लाख र मासुमा रु सात लाख ५० हजार बजेट विनियोजन गरेको नगरपालिकाले आवेदन सङ्कलन गरेर लाभग्राही छनोटको प्रकृयाअघि बढाएको छ ।

आव २०८१/८२ मा १८ जना गाईभैँसीपालक कृषकले रु १० हजारदेखि ४५ हजारसम्म गरी कूल रु पाँच लाख ५० हजार र २८ जना बाख्रापालकले रु सात लाख ५० हजार अनुदान पाएका नगरपालिकाका पशु चिकित्सक आशिष सापकोटाले बताउनुभयो ।

आव २०८०/८१ मा ३२ जना बाख्रापालक कृषकले रु छ लाख ४४ हजार ९८० र १८ जना दुग्ध उत्पादक कृषकले रु पाँच लाख अनुदान पाएका थिए । बेनी नगरपालिका-७ कुरिलाखर्कका भैँसीपालक कृषक सुरेश ढुङ्गानाले उत्पादनमा आधारित अनुदानले किसानलाई प्रोत्साहन मिलेको, उत्साहित बनाएको र व्यवहारिक भएको बताउनुभयो ।

बेनी नगरपालिकाले उत्पादनका आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बनाएको छ । कार्यविधिअनुसार कम्तीमा आठ वटा माउबाख्रा र तीन वटा दूध दिने गाईभैँसी पालेका किसानले अनुदान पाउँछन् । किसानले पालेका पशुको सङ्ख्याको आधारमा वर्गीकरण गरेर अनुदान पाउने व्यवस्था मिलाइएको छ ।

पशुपालक कृषकलाई व्यावसायिक बनाउन र टिकाउन कार्यक्रमले सहयोग पुगेको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो । कृषि क्षेत्रलाई जोड दिएको बेनी नगरपालिका-४ सिंगामा चिस्यान गृह सञ्चालन गरेको छ । वडा नम्बर -८ कालीपुलमा कृषि बजार सञ्चालन गर्ने भवन निर्माणाधीन छ ।रासस

# आम्दानीको मुख्य स्रोत बन्दै दुनाटपरी

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-६ कसरौलकी कन्यादेवी राना पछिल्लो चार वर्षदेखि दुनाटपरी बनाउने व्यवसायमा संलग्न रहदै आउनु भएको छ । दैनिक जीवनयापनका लागि सुरु गरिएको व्यवसाय परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ ।


रानाले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रअन्तर्गत गठित सुनदेवी मध्यवर्ती उपभोक्ता समितिको सहयोगमा दुनाटपरी उद्योग सञ्चालन गर्दै आउनु भएको छ । समितिले अवलोकन भ्रमण, आधारभूत तालिमसँगै दुनाटपरी बनाउने मेसिन र डाई खरिदका लागि करिब रु सात लाख सहयोग गरेको छ ।

दुनाटपरी बनाउन आवश्यक कच्चापदार्थ सालका पातका लाफा(सालका पातलाई एक आपसमा गाँस्ने कार्य) लालझाडीका स्थानीय बासिन्दाबाट खरिद गर्दै आएको राना बताउनुहुन्छ । उहाँका अनुसार एउटा लाफाको मूल्य ५० पैसा देखि २ रुपैयाँसम्म पर्छ । केही सालका पात नागेश्वर सामुदायिक वनबाट सङ्कलन गरी ल्याइने गरिएको उहाँले बताउनुभयो ।

मासिक रुपमा रु ४० हजार बराबरका लाफा मात्रै खरिद हुने गरेका छन् । "पातका तयार गरिएका लाफा तथा पात ल्याएर सामुदायिक वनले चाहेजति पात सङ्कलन गर्न अनुमति नदिँदा उत्पादन सीमित मात्रामा हुने गरेको उहाँ बताउनुहुन्छ । रानाले बनाएका दुनाटपरी महेन्द्रनगर, धनगढी, डडेल्धुरा र अत्तरियासम्म बिक्री हुने गर्छ ।

त्यस्तै, स्थानीय पूजा सामग्री बेच्ने व्यवसायीलेसमेत ठूलो मात्रामा खरिद गर्ने गरेका छन । "पोखरा र काठमाडौँसम्मबाट समेत दुनाटपरीको अर्डर आएको थिया"। उहाँले भन्नुभयो, "तर कच्चापदार्थ अभावले पठाउन सकेनौँ ।" राना आफ्नै घरमा मेसिन प्रयोग गरेर दुनाटपरी तयार गर्नुहुन्छ । तयार भएको दुनाटपरी बजारसम्म पुऱ्याउने, पात र लाफा खरिद गर्ने काममा उहाँका श्रीमान् रतनलाल रानाले सहयोग गर्नुहुन्छ ।

"उद्योगलाई अझ विस्तार गर्न सकिन्छ, तर कच्चापदार्थकै समस्या छ," रतनलालले भन्नुभयो, "सामुदायिक वनसँग निरन्तर समन्वय गरेर आवश्यक पात उपलब्ध गराउने प्रयास भइरहेको छ ।"दुनाटपरी उत्पादन व्यवसायका अवसर धेरै भए पनि कच्चापदार्थ अभावले ठूलो चुनौती बनिरहेको उहाँ बताउनुहुन्छ । यदि उत्पादन बढाउन सकिने अवस्था बनेमा पात सङ्कलन गर्ने, लाफा तयार गर्ने र सिन्का बनाउने स्थानीयलाई रोजगारी दिन सकिने उहाँको



सुकाइन्छ," रानाले भन्नुभयो, "त्यसपछि मेसिनमा राखेर आवश्यकताअनुसारका दुनाटपरी तयार गर्दै आएका छौँ ।"

बनाइएका दुनाटपरी एक रुपैयाँदेखि पाँच रुपैयाँसम्ममा बिक्री हुने गरेका छन् । रानाले पाँच प्रकारका दुनाटपरी उत्पादन गर्ने गरेको बताउनुभयो । विवाह, व्रतबन्ध, पूजाआजाजस्ता धार्मिक तथा सांस्कृतिक काममा दुनाटपरीको माग बढी हुन्छ, भने अन्य समयमा अलि कम हुन्छ । दुनाटपरी प्रायः ५० वा १०० को प्याकेटमा तयार गरेर बजारमा पुऱ्याइन्छ ।

"महिनामा खर्च कटाएर रु ३० हजार जति कमाइ हुन्छ," उहाँले भन्नुभयो, "माग धेरै भए पनि पात अभावका कारण उत्पादन बढाउन सकिएको छैन ।" भनाइ छ । "दुनाटपरीलाई प्लास्टिकको विकल्पका रूपमा प्रयोग गरिनुपर्छ" सुनदेवी उपभोक्ता समितिका कोषाध्यक्ष हबलदार चौधरीले भन्नुभयो, "स्थानीय तहले प्लास्टिकयुक्त प्लेट लगायतका वस्तुको निषेध गरी वातावरण मैत्री दुनाटपरीलाई प्रवर्द्धन गर्न आवश्यक छ ।"प्लास्टिकमुक्त क्षेत्र घोषणा भए दुनाटपरी उद्योगलाई अगाडि बढाउन सकिने उल्लेख गर्नुहुदै उहाँले वातावरण स्वच्छ हुने मात्र नभएर स्थानीयलाई रोजगारी दिन सकिने बताउनुभयो ।

समितिले दातृ निकायसँग समन्वय गरी उद्योगलाई थप व्यवस्थापन गर्न सहयोग जुटाउने प्रयास गरिरहेको उहाँको भनाइ रहेको छ । उहाँका अनुसार सामुदायिक वनसँग पात सङ्कलनमा सहजता ल्याउन सहमति भएको छ ।रासस

# पर्यटकका लागि ठाउँ-ठाउँमा विश्रामस्थल

ढोरपाटन । अघिल्लो वर्षसम्म बुकीपाटन जाने पर्यटकका लागि पदमार्गका छेउछाउमा विश्राम गर्ने कुनै पनि संरचना निर्माण भएका थिएनन् ।

घण्टौँको पैदलयात्राले थकित पर्यटक गोरेटो छेउमै विश्राम लिन्थे । तर अहिले त्यो समस्याको समाधान भएको छ । ढोरपाटन उपत्यकादेखि करिब पाँच घण्टा उकालो पैदल यात्रापछि मात्रै बुकीपाटनको पहिलो स्थान गर्पाछेडा पुगिने हुँदा ठाउँ-ठाउँमा विश्रामस्थल निर्माण गरिएको छ ।

पदमार्गको छेउमा निर्माण गरिएका विश्रामस्थलले आन्तरिक तथा बाह्य पर्यटकको बुकीपाटन यात्रालाई सहज बनाई दिएको छ । पर्यटन तथा उद्योग कार्यालय बागलुङले रु २० लाखमा पदमार्गसहित चेप्टा ढुङ्गा, ढुङ्गे देउराली र गर्पाछेडा गरी तीन स्थानमा विश्रामस्थल बनाई दिएको छ । विश्रामस्थलमा पर्यटकले रातसमेत बिताउने गरेका छन् । उच्च पहाडी क्षेत्र भएको हुँदा यहाँको मौसम निकै चिसो हुने हुँदा विश्रामस्थलमा बास बस्दा न्यानो कपडा भने आवश्यक पर्छ ।

अघिल्लो वर्षदेखि चर्चामा आएको बुकीपाटन यस वर्ष दैनिक १०० बढी पर्यटक ढोरपाटन उपत्यकादेखि उक्लिने गरेका छन् । ढोरपाटन पुगेका पर्यटक जति बेला पनि बुकीपाटन उक्लँदा बीच बाटोमा अलपत्रसमेत पर्ने गरेका छन् । मौसम हेरेर दिउँसो २:०० बजेभन्दा पछाडि ढोरपाटन उपत्यकादेखि बुकीपाटनको यात्रा गर्न नहुने होटल व्यवसायी सङ्घ ढोरपाटनका अध्यक्ष जीवन पुनले बताउनुभयो । बुकीपाटन पुग्नका लागि तीनदेखि पाँच घण्टा लाग्ने हुँदा साँझपख यात्रा तय नगर्न उहाँले आग्रह गर्नुभयो ।

अध्यक्ष पुनले भन्नुभयो, "बुकीपाटन चार हजार मिटरभन्दा माथिको उचाइमा रहेको हुँदा लेक लाग्न सक्छ, अलि सजक भएर जानुपर्छ, माथि (बुकीपाटन) जाँदा दिउँसो २:०० बजेभन्दा पछाडि यात्रा तय गर्नुहुँदैन, झोलामा पर्याप्त खानेकुरा, तातोपानी लेक लाग्ने औषधि बोक्नुपर्छ, यसपाली त ठाउँ-ठाउँमा विश्रमस्थल पनि बनेको छ, बढी गाह्रो भयो भने त्यहाँ पनि विश्राम गर्न सकिन्छ ।"

काठमाडौँबाट घुम्न आउनुभएका रूपेश वाइबाले ठाडोखोलादेखि माथि निकै उकालो रहेको हुँदा ढुङ्गे देउराली पुगेपछि दुई घण्टा विश्रामस्थलमा आराम गरेर गर्पाछेडा पुगेको बताउनुभयो । पदमार्ग छेउमा बनेका काठका फल्याक र जस्तापाताले छाएका विश्रामस्थलले आफूजस्ता पर्यटकलाई ठूलो राहत दिएको उहाँको भनाइ छ । रासस


मधेश प्रदेश सरकार

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय

पर्यटन विकास कार्यालय

गौर, रौतहट

मधेश प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२।०५।१०

यस कार्यालयको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निसिङ्ग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धित तालिम सञ्चालन, प्रशिक्षण कार्य, सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. खाजा, खाना, चिया, पानी आदि
८. विज्ञापन प्रकासन सम्बन्धी
९. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, विभिन्न प्रकारको सेवा, सप्लाई कार्य आदि



**साना किसान कृषि सहकारी संस्था लि.**

क्षिरेश्वरनाथ न.पा.– ०९, दिगम्बरपुर धनुषा

**कृषि यन्त्र तथा उपकरणहरु खरिदको लागि शिलबन्दी दरभाउपत्र आव्हानको**

**सिलबन्दी दरभाउ पत्र नं. ०१–२०८२/२०८३**

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८२/०५/१०

साना किसान कृषि सहकारी संस्था लि. दिगम्बरपुर क्षिरेश्वर नाथ न.पा.-९ धनुषाको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागी यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात तथा स्तरोन्नती गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागी तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ । साथै देशैभरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता, आपुर्तिकर्ता तथा वितरकहरुबाट यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समयभित्र गोप्य सिलबन्दी दरभाउ पेश गर्नु हुन वा ईमेल ठेगाना sanakisanddig999@gmail.com मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्बन्धित दरभाउपत्र सम्बन्धि आपुर्ति गरिने सामानको बिवरण र कागजातहरु यसै लिङ्कमा उपलब्ध छ लिङ्कः- https://www.jobsnepal.com/kashha-yanatara-tatha-upakaranaehara-kharathaka-lga-shalbnatha-tharabhaupatara-aahavanaka-sacana-139367

**तपसिलः-**

१. माथि उल्लेखित मेसिनरी तथा उपकरणहरु एकमुष्ट वा छुट्टाछुट्टै खरिद गर्न सकिने छ । ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणहरु मात्रको लागि पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाता बाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ ।
३. उपरोक्त कारोबार भदौ १० देखि असोज १५, २०८२ सम्म संचालन गरिनेछ ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा वितरकले संस्थाको कार्यालयमा उपस्थित भई वा (माथि लिङ्कवाट डाउनलोड गरि) प्राप्त गर्न सकिने छ । यो सूचना प्रकाशन भएको मितीले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेश गर्न सकिनेछ) ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ को करचुक्ता वा म्यादथपको पत्र सहित २०८०/२०८१ को करचुक्ता) पेश गर्नु पर्ने छ ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्कवापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरी जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र संग पेशगर्नु पर्नेछ ।
७. बोलपत्र फाराममा उल्लेखित मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुवैमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्यहुने छैन ।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौ ३० गते १:०० बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधीको उपस्थितीमा यस संस्थाको कार्यलयमा खोलिने छ । तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउ खोल्नकुनै बाधापर्ने छैन । तर सो दिन सार्वजानिक विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ खोलिने छ ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
११. अन्यशर्तहरु साना किसान कृषि सहकारी संस्था लि. दिगम्बरपुर, क्षीरेश्वरनाथ न.पा.-९, धनुषाको खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ । निर्णयको सर्वाधिकार साना किसान कृषि सहकारी संस्था लि. दिगम्बपुर, क्षीरैश्वरनाथ न.पा.-९, धनुषामा निहित रहनेछ ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नु पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि. महेन्द्रनगरको खाता नं. १२४०१०००००२८७००१ मा दाखिला गरि जम्मा गरेको बैंक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र सँगै पेश गर्नु पर्ने छ ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

**बोलपत्र पेशगर्ने र खोलिने ठेगाना**

साना किसान कृषि सहकारी संस्था लि. दिगम्बरपुर क्षीरेश्वरनाथ न.पा.-९, धनुषा

ईमेल : sanakisandig999@gmail.com

**खरिद उपसमिति**

मो. ९८५४०७०१००

# ‘भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या तीन वर्षभित्र समाधान हुन्छ’



टुडे समाचारदाता

जनकपुरधाम। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले आगामी तीन वर्षमा भूमिहीन सुकुमवासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गरिसक्ने सरकारको योजना रहेको बताएका छन् ।

विदेह नगरपालिका-९ स्थित इटहर्वामा नापी कार्यालय धनुषाद्वारा मंगलबार आयोजित गाउँब्लक जग्गाधनी दर्ता प्रमाण-पूर्जा वितरण कार्यक्रमलाई सोमबार सम्बोधन गर्दै मन्त्री अधिकारीले भूमि समस्या समाधान नै सरकारको प्राथमिकतामा रहेको उल्लेख गरे ।

मन्त्री अधिकारीले भने, ‘जनताको समस्या समाधान गर्नु तीनै तहको सरकारको दायित्व हो, यसबाट कोही पनि पन्छिन सक्दैन ।’

उनले भूमि आयोगको कार्यमा स्थानीय तह र प्रदेश सरकारको सहयोग अपरिहार्य हुने भन्दै आवश्यक सहकार्यको अपेक्षा रहेको बताए । उनले अब गाउँब्लक सम्बन्धी समस्या समाधान गर्न कार्ययोजना बनाएर अघि बढिरहेको जानकारी दिए । उनले भूमिसम्बन्धी कार्यमा जनतालाई दुःख दिने कर्मचारीमाथि कारबाही हुने चेतावनी दिए ।

सो कार्यक्रममा नगरपालिकाका १ देखि ९ नम्बर वडाका करिब ३०० जनालाई जग्गाधनी प्रमाण-पूर्जा वितरण शुरु गरिएको छ ।

# आज चौठचन्द्र र तीज पर्व मनाइँदै

**हरेक वर्ष भदौं शुक्लपक्ष चतुर्थीका दिन चौरचन पर्व मनाइने गरिन्छ । यस क्षेत्रमा छठ पर्व पछिको दोस्रो ठूलो पर्वका रुपमा चौठचन्द्र पर्व मनाइन्छ । यस पर्वका दिन महिला दिनभरि उपवास बसेर साँझपख गणेश र चन्द्रमाको विधिपूर्वक पूजा गर्ने परम्परा छ ।**

टुडे समाचारदाता

जनकपुरधाम । मिथिलाञ्चलमा प्रसिद्ध चौठचन्द्र अर्थात् चौरचन पर्व र तीज पर्व पनि एकैदिन मनाइने भएको छ । मिथिलाञ्चलको प्रसिद्ध पर्व चौरचन पर्व र तीज पर्व पनि यसवर्ष एकै दिन पर्दा मंगलबार धुमधामसाथ मनाइँदैछ ।

हरेक वर्ष भदौं शुक्लपक्ष चतुर्थीका दिन चौरचन पर्व मनाइने गरिन्छ । यस क्षेत्रमा छठ पर्व पछिको दोस्रो ठूलो पर्वका रूपमा चौठचन्द्र पर्व मनाइन्छ । यस पर्वका दिन महिला दिनभरि उपवास बसेर साँझपख गणेश र चन्द्रमाको विधिपूर्वक पूजा गर्ने परम्परा छ । साँझ सूर्यास्तपछि गाईको गोबरले आँगन लिपपोत गरी बनाइएको चतुष्कोण यज्ञस्थलमा द्वीप प्रज्ज्वलन गर्दै उपवास बसेकाहरूले फलफूल र मिष्ठान्नको परिकारलाई प्रसादका रूपमा चन्द्रमालाई देखाएर पर्व समापन हुने परम्परा रहेको छ ।



यस पर्वमा खासगरी आँगनमा पूजा हुने भएकाले चामलको पीठोको कलात्मक अरिपन बनाई, त्यसमाथि पूजाका सामग्री राखेर धार्मिक विधिपूर्वक पूजापाठ गरिन्छ। त्यसक्रममा नयाँ माटोका भाँडाको दही, केरा, मिठाई, फलफूलका साथै विभिन्न प्रकारका पकवान राखेर विभिन्न देवी-देवतालाई चढाइने गरिन्छ ।

दिनभरि निराहार व्रत वा उपासना बसेका महिलाले साँझपख चन्द्रमा उदय हुनु अगाडि दिनमा बनाइएका पूजा र अन्य सामग्री आँगनमा अरिपन बनाई माटोका भाँडामा सजाएर राख्दछन् । चन्द्रमा उदय भएपछि बर्तालु महिलाले हातमा कुनै फल लिएर चन्द्रमाको दर्शन गर्ने र त्यसपछि परिवारका अन्य सदस्यले पनि त्यसैगरी दर्शन गर्ने प्रचलन छ ।

प्रसादका रूपमा बर्तालुहरूका घर-घरमा पिरकिया, खजुरी, खाजा, पुरी र खिर बनाउने चलन छ । चौथीको दिन चन्द्रदेवलाई खाली हात दर्शन गर्न नहुने मान्यताअनुसार चौठचन्द्र पर्व मान्ने परिवारजनले हातमा केरा, स्याउ, अम्बा, अनार, काक्रा, घरमा तयार पारेको पकवान, मिठाई, गाँजरजस्ता सामग्री लिएर दर्शन गर्ने परम्परा चलिआएको छ ।

चौरचन पर्वको अवसरमा जनकपुरधाम उपमहानगरपालिका, नगराईन नगरपालिकालगायतका विभिन्न पालिकाले विदा दिएको छ ।

त्यस्तै हिन्दू नारीहरूको चाड तीज सोमबारदेखि दर खाएर औपचारिक रूपमा शुरु भएको छ । सो दिन चेलीबेटीलाई माइतीले बोलाई मिठा-मसिनो परिकार खुवाउने परम्परा छ ।

खिर, ढकनी, गुँदपाकजस्ता पौष्टिक परिकार दरमा प्रमुख रूपमा समावेश हुन्छन् । दर खाएको भोलिपल्ट महिलाहरूले निराहार व्रत बसी भगवान् शिवको पूजा गर्ने चलन छ ।

मंगलबार तीजको मुख्य दिन, बुधबार गणेश चौथी र बिहीबार सप्तऋषि पूजापछि चारदिने पर्वको समापन हुनेछ ।

पार्वतीले शिवलाई पति पाउन व्रत बसेको धार्मिक विश्वासले विवाहित महिलाहरू पतिको दीर्घायूको कामना गर्दै, अविवाहित महिलाहरू सुयोग्य वर पाउने अपेक्षासहित तीज मनाउने गर्दछन् ।

# रुबी हत्या प्रकरणमा एक जना पक्राउ, संदिग्धको पहिचान

टुडे समाचारदाता

रौतहट । रौतहटमा सुटकेशभित्र रुबी देवी साह सुडी हत्या प्रकरणमा हत्यामा प्रहरीले अनुसन्धानका क्रममा एक जना ई-रिक्सा चालकलाई पक्राउ गरेको छ ।

शनिबार गौर नगरपालिका-२ स्थित महादेवपट्टीका २६ वर्षीया रूवीकुमारी साहको शव फेला परेको घटनामा प्रहरीले एक जना पक्राउ परेका छन् ।

रुबीको हत्या गौर नगरपालिका-५ स्थित एक घरमा भएको खुलेको छ । सो घरमा डेरागरी बसेका स्थानीय लक्ष्मण पासवानले हत्यापछि उनको शव व्यवस्थापन गरेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

उक्त शव ठेगान लगाउन पासवानले गौरको कबिर चोकबाट ई-रिक्सा बुक गरेको एक प्रहरीले जनाएको छ ।

उक्त ई-रिक्सामा शवसहितको सुटकेस बोकेर पासवान बरहवा पुल पारी पुगेका थिए । पुल पारी पुगेपछि ई-रिक्साको पांग्रा बिग्रिएको थियो । सोही क्रममा चालकले अर्को ई-रिक्सा बोलाउने प्रयास गरेको उनको भनाइ छ ।




रिक्सा चालक राजकुमार महरा अहिले प्रहरीको नियन्त्रणमा छन् । महराले प्रहरीलाई बताए अनुसार सुटकेश बोकेका ती व्यक्तिले अर्को रिक्सामा जान चाहेनन् ।

त्यसपछि पासवान सुटकेश लिएर पैदल नै अघि बढेको जानकारी रिक्सा चालक महराले रौतहट प्रहरीलाई बयानमा बताएका छन्। सोही अनुसन्धानमा खटिएका एक प्रहरीले जनाए अनुसार गौर-५ को बालमन्दिर पछाडि रहेको एक घरमा रुबीको चप्पल लगायतका सामग्रीहरू पनि फेला परेको थियो ।

‘अहिले अनुसन्धान भइरहेको छ। छिट्टै घटनाका सम्बन्धमा सबै कुरा बाहिर ल्याउँछौँ’, ती प्रहरी अधिकारीले भने, ‘शंकित व्यक्ति रुबीसँग लामो समयदेखि सम्पर्कमै रहेको देखिन्छ ।’

शंकास्पद व्यक्ति वैदेशिक रोजगारीबाट फर्किएको र उनले विदेशबाट फर्किंदा ल्याएकै सुटकेश रुबीको शव फाल्न प्रयोग गरेको तथ्य प्रहरीले पत्ता लगाएको छ ।

रुबीलाई त्यस साँझ बोलाएर हत्या गरेको अनुसन्धान अधिकृतको दाबी छ । शनिबार साँझ केही सामान लिन जान्छु भन्दै गौर गएकी छोरी नफर्किएको उनकी आमा मिथिलादेवीले बताएकी छन् ।

तर त्यसै राति गौर नगरपालिका- ९ स्थित मुडवलवा गेटनजिक सडकमा बेवारिसे अवस्थामा सुटकेस फेला परेको थियो । राति नै स्थानीयले प्रहरीलाई खबर गरे पनि प्रहरीले आइतबार बिहान स्थानीयको रोहबरमा सुटकेश खोलेर हेर्दा शव फेला परेको थियो ।

रुबीको १३ वर्ष पहिले भारतको मुजफरपुरका शिवसागर सुडीसँग विवाह भएको थियो । घटनापछि रुबीका श्रीमान् पनि प्रहरीको सम्पर्कमा पुगेका छन् ।

रुबी भने केही महिना पहिलेदेखि मात्रै आमासँग डेरा लिएर बस्दै आएकी थिइन् । भारतमा घरबाट विद्यालय टाढा भएकाले छोरा पढाउन उनी यता डेरामा बस्न थालेकी थिइन् ।

ती शंकित व्यक्तिलाई भेट्नु पहिले उनी ब्युटिपार्लर गएको र छोरालाई जुस ल्याइदिन्छु भनेर फोन गरेको खुलेको छ । रातिसम्म पनि घर नफर्किएपछि आमाले खोजी गर्दा उनको मोबाइलमा पहिले फोन उठेन । राति ९ बजेतिर भने स्वीच अफ भएको थियो । त्यसको केही समयमै सुटकेश फेला परे पनि अर्कोदिन बिहान मात्रै शव रहेको खुलेको थियो ।

# हैजा संक्रमणबारे अझै पत्ता लागेन स्रोत

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका क्षेत्रमा समुदायस्तरमा हैजाको संक्रमण फैलिएको छ । तर हैजाको स्रोत भने अझैसम्म पनि पत्ता लाग्न सकेको छैन ।

शुक्रबारदेखि वीरगञ्जका वडा नम्बर ११, १२ र १३ मा हैजा संक्रमित भेटिएको छ । स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जनाए अनुसार हालसम्म वीरगञ्जमा ७९ जनामा हैजा पुष्टि भएको छ ।

जनस्वास्थ्य अधिकृत ठाकुरले भने, “आइतबार बेलुका ८ बजेसम्म हैजाका संक्रमित ७१ जना भेटिएका थिए । सोमबार बिहानसम्म थप आठजना हैजाका संक्रमित भेटिएका छन् ।”

१०३ जना विभिन्न अस्पतालमा भर्ना भएर उपचाररत छन् । जनस्वास्थ्य अधिकृत ठाकुरले भने, “हैजाको मुख्य स्रोत अहिलेसम्म पत्ता लागेको छैन,” उनले अघि थप्दै भने, “विश्व स्वास्थ्य संगठनलगायत प्रतिनिधिले आइतबारदेखि यहाँका पानीको परीक्षणलगायत गरिरहनुभएको छ । सम्भवतः आजसम्म हैजाको स्रोतको पहिचान हुने आशा राखेका छौँ ।”

कतिपय बिरामीले परीक्षण गराउन नमानेका वीरगञ्जस्थित नारायणी अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहले बताए । उनले भने, “वडा नम्बर ११, १२ र १३ का सर्वसाधारण प्रभावित भएको देखिन्छ । कतिपय त सिकिस्त भएर पनि अस्पताल आउने गरेका छन्, अस्पताल आएका सबैको परीक्षण गर्न भ्याइएको छैन । कतिले त परीक्षण गर्न मान्दैनन् ।”



पछिल्लो तीन दिनमा नारायणी अस्पतालमा पुगेर उपचार गराउनेको संख्या १०० भन्दा धेरै छ । उनीहरूमध्ये २६ जनामा हैजा पुष्टि भएको डा. सिंहले बताए । केही दिनको तथ्यांकको तुलनामा सोमबारसम्म अस्पताल आउने बिरामीको संख्या कम रहेको उनले बताए ।

उनले भने, “एकजना ३५ वर्षीय पुरुषलाई उपचारका लागि अस्पताल ल्याउँदै गर्दा मृत्यु भएको पाइयो, हैजा पुष्टि भने भएको छैन । शंकास्पद छ ।”

केही बिरामी उपचारपछि घर फर्किएका उनले बताए । उनले भने, “नारायणी अस्पतालमा हैजाको उपचारको लागि शय्या र जनशक्ति दुवैको अभाव देखिएको छ, अहिलेसम्म कुनै पनि निकायबाट आवश्यक पर्ने सहयोग आइपुगिसकेको छैन । अहिलेसम्म कागजी प्रक्रियामा सहयोग गर्ने भने तापनि वास्तविक रूपमा आवश्यक पर्ने जनशक्ति र अन्य उपचारका सामग्री आइपुगिसकेको छैन ।”

प्रवक्ता सिंहले हैजा महामारीका साथसाथै अरू बिरामीको चाप पनि थेग्न नसकिने रहेको गुनासो गरे ।

यता स्रोत पत्ता लगाउनका लागि प्रदेश सरकार र संघीय सरकारले चिकित्सकसहितको टोली नै परिचालन गरेको छ । भने सोमबार स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलसमेत हैजा प्रभावितहरुसंग भेटघाट गरी स्वास्थलाभको कामना गरे ।

## हैजाका लक्षण र बचने उपाय

**लक्षणः**

- बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- बारम्बार वान्ता हुने,
- शरीर कमजोर हुने, आँखा भासिने,
- शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- मुख र छाला सुख्खा हुने,
- कमजोरी र थकान महशुस हुने,
- चक्कर लाग्ने वा होश हराउने,
- कम रक्तचाप र छिटो नाडी चल्ने ।

**बच्ने उपायहरुः**

- पानी उमालेर वा फिल्टर गरेर पिउने,
- खाना पकाउँदा र खाँदा साबुनपानिले हात धुने,
- खुला रुपमा राखिएको खाना नखाने,
- जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राख्ने,
- खानेकुरा राम्रोसँग पखालेर खाने,
- झोलिलो खाना र प्रशस्त पानी पिउने,
- लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ठक्करबाट एकजनाको मृत्यु भएपछि सडक अवरुद्ध



टुडे समाचारदाता

बारा । बाराको कलैया-वीरगञ्ज सडकखण्ड अवरुद्ध भएको छ । आइतबार राति टाटा सुमोले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएपछि स्थानीयवासी आन्दोलनमा उत्रेका छन् ।

बाराको कलैया उपमहानगरपालिका- २३ स्थित बैराठपुरका ३२ वर्षीय उपेन्द्र राउत कुर्मीको उक्त दुर्घटनामा मृत्यु भएको बारा प्रहरीले जनाएको छ । कुर्मी सवार बा. ५८ प ४०५३ नम्बरको मोटरसाइकल र ना. १ ज १९९१ नम्बरको टाटा सुमो आइतबार राति करिब ९:३० बजे प्रसौनी गाउँपालिकास्थित कोइरियाटोल र सिसहनियाँबिच ठोक्किएका थिए ।

गम्भीर घाइते भएका कुर्मीलाई उपचारका लागि नौतनास्थित एल.एस. न्युरो एन्ड जनरल अस्पतालमा पुर्‍याइएको थियो । तर उपचारकै क्रममा उनको मृत्यु भएको अस्पतालले जनाएको छ । दुर्घटनापछि सुमोचालक गाडी छोडेर फरार भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक बलराम श्रेष्ठले जानकारी दिए ।

पीडित परिवारले भने सुमोचालकले कुर्मीलाई ठक्कर दिएर गाडी ब्याक गरी पुनः माथि चढाएको आरोप लगाएका छन् । अस्पतालको प्रारम्भिक रिपोर्टअनुसार मृतकको एउटै खुट्टामा चार-पाँच स्थानमा हड्डी भाँचिएको छ ।

यता सो ठक्करबाट घाइते भएपछि स्थानीयवासीले न्यायको माग गर्दै कलैया-वीरगञ्ज सडक पूर्ण रूपमा अवरुद्ध गरेका छन् । प्रदर्शनकारीहरूले दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग उनीहरुले माग गरेका छन् ।

# मधेशमा शतप्रतिशत रोपाइँ भएन

टुडे समाचारदाता

जनकपुरधाम । देशभर ९४.९ प्रतिशत धान रोपाइँ भएको छ । तर मधेश प्रदेशमा भने अझैसम्म पनि शतप्रतिशत धान रोपाइँ हुन सकेको छैन ।

देशभर ९४.९ प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । गत वर्ष भदौं ७ सम्म सातै प्रदेशमा ९८.५४ प्रतिशत रोपाइँ भएको थियो ।



मन्त्रालयले जनाए अनुसार रोपाइँ हुने कुल १३ लाख ७६ हजार ४६६.९८ हेक्टर क्षेत्रफलमध्ये हालसम्म १३ लाख ६ हजार २९३.३ हेक्टरमा धान रोपाइँ भएको छ ।

प्रदेशगतरूपमा सबैभन्दा कम रोपाइँ मधेश प्रदेशमा नै भएको छ । मधेश प्रदेश हालसम्म ८६.३५ प्रतिशत मात्रै रोपाइँ सम्पन्न भएको छ । मधेशमा तीन लाख ७० हजार १४५ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल रहे पनि अहिलेसम्म तीन लाख १९ हजार ६२६.७८ हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ ।

मधेश प्रदेशमा ढिला वर्षा हुँदा यसपटक निकै कम क्षेत्रफलमा मात्रै रोपाइँ भएको हो । गत वर्ष भदौं ७ सम्म मधेश प्रदेशमा ९७ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको थियो ।

कोशी प्रदेशमा ९७.२४ प्रतिशत रोपाइँ भएको छ । कोशी प्रदेशमा कुल दुई लाख ७६ हजार ३८६.७३ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने सम्भावना रहेको छ । यहाँ दुई लाख ६८ हजार ७६५.८६ हेक्टरमा रोपाइँ भएको छ । गत वर्ष भदौं ७ सम्म कोशी प्रदेशमा शतप्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

त्यस्तै बागमतीमा हालसम्म ९७.२७ प्रतिशत रोपाइँ भएको छ । एक लाख १५ हजार ६२१.२५ हेक्टर क्षेत्रफलमध्ये हालसम्म एक लाख १२ हजार ४५९.८२ हेक्टरमा रोपाइँ सकिएको हो । वाग्मतीमा गत वर्ष भदौ ७ सम्म ९९ प्रतिशत रोपाइँ सम्पन्न भएको छ ।

त्यसैगरि गण्डकी प्रदेशमा ९६.६३ प्रतिशत रोपाइँ भएको छ । गण्डकीमा ९४ हजार १८२ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ९१ हजार ७.०७ हेक्टर क्षेत्रमा धान रोपाइँ सम्पन्न भएको छ । गण्डकीमा गत वर्षको भदौ ७ सम्म ९८ प्रतिशत रोपाइँ भएको थियो ।

त्यसैगरि लुम्बिनी प्रदेशमा यस वर्ष हालसम्म ९८.३७ प्रतिशत रोपाइँ सकिएको छ । तीन लाख दुई हजार ३९३ हेक्टर क्षेत्रफलमध्ये हालसम्म दुई लाख ९८ हजार ११ हेक्टरमा रोपाइँ भएको छ । गत वर्ष भदौ ७ सम्म ९८ प्रतिशत रोपाइँ सकिएको थियो ।

कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत क्षेत्रमा रोपाइँ सकिएको छ । ४१ हजार ४२ हेक्टर क्षेत्रफलमध्ये हालसम्म ४० हजार ७७०.८४ हेक्टरमा रोपाइँ भएको हो । गत वर्ष भदौ ७ सम्मको तथ्यांकअनुसार कर्णालीमा ९९ प्रतिशत रोपाइँ भएको थियो ।

त्यसैगरि सुदूरपश्चिम प्रदेश झन्डै शतप्रतिशत रोपाइँ भएको छ । सुदूरपश्चिममा ९९.७२ प्रतिशत खेतीयोग्य जमिनमा रोपाइँ सम्पन्न भएको छ । एक लाख ७६ हजार १५१ हेक्टर क्षेत्रफलमा एक लाख ७५ हजार ६५२ हेक्टरमा रोपाइँ सम्पन्न भइसकेको छ । गत वर्ष सुदूरपश्चिममा शतप्रतिशत रोपाइँ भएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८